भक्तपुर बचत तथा ऋण
सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

मोतिविन्दु तथा आँखा
शिविरसम्बन्धी सूचना

स्वास्थ्य शिविर

**मिति** : २०८३ भदौ २७ गते, शनिबार
**समय** : बिहान ८:०० बजेदेखि १:०० बजेसम्म
**स्थान** : भक्तपुर साकोसको प्राङ्गण
**दर्ता शुल्क** : रू. २०।-

**पुनश्च** : ज्येष्ठ नागरिकलाई विशेष ग्राह्यता दिइनेछ ।

**आयोजक**
स्वास्थ्य उपसमिति

**प्राविधिक सहयोग**
ख्वप तिलगंगा आँखा अस्पताल
भक्तपुर

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily
दैनिक

Website : www.onlinemajdoor.com

भक्तपुर बचत तथा ऋण
सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

कुरूस बुनाइ तालिमसम्बन्धी सूचना

तालिम कार्यक्रम

**तालिम सुरू मिति** : २०८३ भदौ २१ गतेदेखि ३० गतेसम्म
**समय** : बेलुकी ५:०० बजेदेखि ६:३० बजेसम्म
**स्थान** : संस्थाको तालिम हलमा
**सहभागी सङ्ख्या** : २५ जना मात्र
**दर्ता शुल्क** : रू. १०००।-
**अन्तिम दर्ता मिति** : २०८३ भदौ १९ गतेभित्र

**पुनश्च** : आवश्यक सामग्रीहरू संस्थाबाटै उपलब्ध गराइनेछ ।

**आयोजक**
महिला उपसमिति

★ वर्ष : २८ ★ अङ्क : २२२ ★ ने. सं. ११४६ गुँला गा, षष्ठी ★ बुधबार ★ १७ भदौ, २०८३ ★ September 2, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## शाङ्घाई सहयोग सङ्गठनको २५ औँ सम्मेलन
# साझा, समानता र पारिपाटीयुक्त विश्व ध्रुवीकरणको अपिल

विश्केक, १ सेप्टेम्बर (सिआरआई) । मङ्गलबार चीनका राष्ट्राध्यक्ष सी चिनफिङले किर्गिस्तानको राजधानी विश्केकमा आयोजित शाङ्घाई सहयोग सङ्गठन राष्ट्रनायक समितिको २५ औँ बैठकमा सहभागी हुनुभयो ।

बैठकमा शाङ्घाई सहयोग सङ्गठनको वर्तमान अध्यक्ष मुलुक किर्गिस्तानका राष्ट्रपति सादर जापारोभले बैठकको अध्यक्षता गर्नुभयो । शाङ्घाई सहयोग सङ्गठनका सदस्य मुलुक बेलारूसका राष्ट्रपति अलेक्जेन्डर लुकाशेन्को, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, इरानी राष्ट्रपति मसुद पेजेश्कियान, कजाकिस्तानका राष्ट्रपति कासिम टोकायेभ, पाकिस्तानी प्रधानमन्त्री महमद शहबाज शरिफ, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, ताजकिस्तानका राष्ट्रपति एमोमाली राहमोन, उज्वेकिस्तानका राष्ट्रपति शाभकट मिर्जियोयेभ र शाङ्घाई सहयोग सङ्गठनका महासचिव नुर्लान येमेक्बायेभको सहभागिता रहेको थियो ।




बैठकमा चीनका राष्ट्राध्यक्ष सीले "शाङ्घाई सहयोग सङ्गठनको अझ उच्चगुणस्तरीय विकासलाई प्रवर्द्धन गर्ने" शीर्षकको महत्त्वपूर्ण सम्बोधन गर्नुभयो । सम्बोधनमा उहाँले चारबुँदे प्रस्ताव प्रस्तुत गर्नुभएको छ । पहिलो, विकासलाई प्राथमिकतामा राखी साझा समृद्धि हुने भविष्यको सिर्जना । दोस्रो, सुरक्षालाई प्राथमिकतामा राखी विस्तृत सुरक्षित वातावरणको सिर्जना । तेस्रो, जनतालाई प्राथमिकतामा राखी युगौँयुगदेखि मैत्रीपूर्ण हुँदै जाने जगलाई सुदृढ । र चौथो, सम्झौता वार्तालाई कायम राखी समान र परिपाटी हुने सञ्चालन प्रणालीलाई पूर्णता ।

सोही दिन दिउँसो चीनका राष्ट्राध्यक्ष सी चिनफिङले विश्केकमा आयोजित "शाङ्घाई सहयोग सङ्गठन प्लस" बैठकमा सहभागी हुँदै "साझा समान र परिपाटीयुक्त विश्व ध्रुवीकरणको अपील गर्दै अझ निष्पक्ष र उचित विश्वव्यापी सञ्चालनलाई साकार तुल्याउने" शीर्षकको महत्त्वपूर्ण सम्बोधन गर्नुभयो ।

आफ्नो सम्बोधनमा उहाँले शाङ्घाई सहयोग सङ्गठनको भूमिकालाई कसरी अझ राम्रोसँग निर्वाह गर्ने भन्ने विषयबारे तीनबुँदे

***बाँकी पृष्ठ ८ मा***

## बाढी पीडित जनताको लागि
# आएको राहत हरेक पीडितसम्म पुग्नुपर्छ

काठमाडौँ, १६ भदौ । बाढी पहिरो पीडित जनतालाई देश विदेशबाट प्राप्त सहयोग पीडितको घरघरमा पुग्नुपर्छ । पीडितको घर आँगनमा राहत पुगोस भन्ने चाहना या उद्देश्य सहयोगी दाताहरूको हुन्छ । तर, आर्थिक, भौतिक तथा अन्य खाद्यान्न, लत्ता कपडा पीडितको घरमा पुग्दैन या बिचमै गायब हुन्छ भन्ने जनगुनासो छ । पद र पैसाको निम्ति राजनीति गरेका दलका नेता तथा कार्यकर्ताहरू कमिसनमा भुल्छन्; कुन स्रोतबाट कसरी आयआर्जन गर्ने भन्ने तर्फ उनीहरूको ध्यान गएको हुन्छ । २०७२ सालको भूकम्पको बेला पठाइएको राहत सामग्री बिचमै हराएको, पठाइएअनुसार पीडितले नपाएको विषयमा तहल्कै मच्चिएको थियो । कतिले प्राप्त भएको राहत घरमै लग्ने, कतिले बेच्ने गरेको र कतिले बिचमा चुहावट गरेको खबर त्यसबेला छापिएको थियो । वाढी पहिरो पीडित जनतालाई श्रद्धापूर्वक पठाइएको राहत सामग्रीमा त्यस्तो कुनै खालको चुहावट या अनियमितता नहोस् भन्ने व्यापक नेपाली जनताको चाहना हुन्छ । त्यो चाहना अनुसार प्राप्त सहयोग बिना भेदभाव सबै पीडितले पाउनुपर्छ ।

पुँजीवादी व्यवस्थामा पुँजीवादी छाप पर्नु स्वाभाविक हो । भ्रष्टाचार पुँजीवादी व्यवस्थाको छाया भनिन्छ । राजनीतिको नाउँमा जसरी भएपनि पदमा बसेर कमाउने कुनै दलका नेता तथा कार्यकर्ताहरू पीडितको नाउँमा आएको राहतमा पनि आँखा गाड्छन् र अनियमितता गर्न पछि पर्दैनन् । विदेशबाट आयात र निर्यात सामानमा मात्र होइन विकास आयोजनामा पनि गिद्देदृष्टि राख्छन् र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउँछन् । त्यस्ता लोभी-पापीहरूको हातमा राहत सामग्री परेपछि चुहावट हुँदैन भनेर कसरी भन्ने ? दल र प्रशासनमा आवद्ध नेता, उच्चपदस्थ पदाधिकारीहरू यस्तै चलखेलमा परेकाले, देशमा भ्रष्टाचार, अनियमितता र ढिलासुस्ति बढेको हो; भ्रष्टाचारी, कमिसन खोरहरूले ठाउँ पाएका हुन् । नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा त्यसै परेको होइन । देशमा भइरहेको व्याप्त भ्रष्टाचार र अनियमितताले दातृ राष्ट्रहरूबाट पाउने अनुदान घट्दै गइरहेको अर्थविद्हरूको विश्लेषण छ ।

कहिले घोटाला हुन्छ, कहिले विकास आयोजना ल्याएर काम नहुँदै पैसा असुल्छ त कहिले टालटुल गरेर बजेट सिध्याउने काम हुन्छ, कहिले ल्याइएको विकास आयोजना सम्पन्न गर्छ तर गुणस्तर हुँदैन या इस्टिमेटअनुसार काम हुँदैन, आयोजना सम्पन्न भएको हप्तादिन, महिना दिन नहुँदै बिग्रिएको, भत्किएको हुन्छ । कागजमा विकास भएको देखिने तर व्यवहारमा नहुने काम पनि बग्रेल्ती भएको पाइन्छ । यसरी नै देशमा विकासको रकम डोकोमा पानी राखेझैँ खेर गइरहेको छ । ठुलठुला राजनीतिक दल या सत्तारुढ दलले आफ्ना नेता तथा कार्यकर्तालाई इमानदारी र नि:स्वार्थपूर्वक राजनीति गर्न प्रशिक्षित नगर्दा, देश र जनताप्रति समर्पित भएर काम गर्न सचेत नगर्दा, नेता तथा कार्यकर्ताहरू पद र पैसामा पल्केका छन्; फसेका हुन् । यही कारण ठुला दलका नेताहरू कहिले के, कहिले के प्रकरणमा फसेर दल र नेताहरूकै बदनाम भएको हो । कति नेता, मन्त्री र सांसदहरू कारबाहीमा परे त कतिले मुद्दा खेपिरहेका छन् ।

ठुला दल र सत्तारुढ दलका नेता, मन्त्री, सांसद, कार्यकर्ताहरू इमान्दार भएका भए देशमा भइरहेको भ्रष्टाचार धेरै हट्थ्यो; ढिलासुस्ती हट्थ्यो । विकास आयोजना अगाडि बढ्थ्यो । जनताको जीवनस्तर अघि बढ्थ्यो । देशको मुहारै फेरेको हुन्छ ।

# कालीकोट र बर्दियामा भक्तपुरको काण्डको भर्त्सना

कालीकोट, १६ भदौ । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा भदौ ९ कालो दिनको भर्त्सना कार्यक्रम तिलागुफा नगरपालिका वडान ४ राँचुलीमा सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले 'भक्तपुर काण्ड' बाट प्रतिक्रियावादीहरूले कस्ता खालका षड्यन्त्र गर्छन् भन्ने कुरा सिक्न सकिने बताउनुभयो । उहाँले पार्टीका जनपक्षीय गतिविधिबाट अत्तालिएर नेमकिपालाई समाप्त पार्न खोज्ने पञ्चायत आफै समाप्त भएको बताउनुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य नवराज कोइरालाले नेमकिपा जनताको राजनैतिक स्तर उठाउन र आम नगरिकलाई बुद्धिजीवीकरण गर्न तल्लीन रहेको बताउनुभयो । उहाँले तत्कालीन पञ्चायत नै नेमकिपाका नेता र कार्यकर्ताविरुद्ध उत्रेको बताउनुभयो ।

पार्टी जिल्ला समिति अध्यक्ष खडगराज शाहीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय उपाध्यक्ष नरदिप शाही र पार्टी जिल्ला समिति सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

**बर्दिया**

नेपाल मजदुर किसान पार्टी बर्दियाको आयोजनामा सोमबार बारबर्दियामा पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले विपद्को बेलामा जनतालाई झन् दु:ख दिने उद्देश्यले षड्यन्त्र गर्ने प्रतिक्रियावादी शासकहरू छिट्टै नाङ्गिँदै जाने बताउनुभयो ।

भूकम्पबाट घरबारबिहीन जनतालाई राहत बाँड्नुको सट्टा जनपक्षीय राजनीतिलाई निस्तेज पार्न राज्यस्तरबाटै षड्यन्त्र भएको चर्चा गर्दै उहाँले कामदारवर्गलाई दमन गर्न प्राकृतिक विपत्तिमा पनि षड्यन्त्र हुनु निर्दयी उदाहरण हो भन्नुभयो ।

शोषण र अन्यायको रूप फेरिए पनि सारमा कामदारवर्गलाई दबाउन प्रतिक्रियावादी वर्ग झन् कठोर बन्दै आइरहेको उल्लेख गर्दै उहाँले कामदार जनता सचेत र सङ्गठित हुनु आवश्यक छ भन्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- २१ हजार सुरक्षाकर्मी हिमपहिरो र भेलबाढी ग्रस्त क्षेत्रमा लगाउने बुटबिना खटिएको सार्वजनिक भयो । यसले सरकार सिंहदरबारमा मात्र सीमित भएको पुन: पुष्टि हुँदैन र ? सोमबार साँझसम्म भेलबाढीमा परेर ९७४ मृत्यु, सनाखत ५१ जना र सम्पर्कविहीन ४५८६ भएको सार्वजनिक भयो । चीनको तिब्बत सिमाना क्षेत्र रसुवाको टिमुरे बजारको १-२ घरबाहेक पूरै बजार बगाएको अवस्था छ । टिमुरेमा एकैदिन ६१ शव फेला परेको पनि बाहिरियो ।
- प्रधानमन्त्री विपद् राहत कोषमा प्रमुख विपक्षी दल नेकाले १ करोड, विपक्षी एमालेले १ करोड २० लाख, नेकपा (तत्कालीन माओवादी) ले २५ लाख र सरकारमा भएको दल रास्वपाले ५० लाख जम्मा गरेको सार्वजनिक भयो । प्रम विपद राहत कोषमा देश र विदेशका दाताहरूबाट सङ्कलितसमेत ५-६ अर्ब रुपैयाँ पुगेको तर पीडितहरूमाझ नपुगेको पनि सार्वजनिक भयो । सरकार के गर्दै छ ?
- भेलबाढीको कारण रसुवा नाका तहसनहस भएको अवस्थामा कोदारी राजमार्ग पनि जोखिमपूर्ण भएको र तातोपानी नाका अनिश्चित अवस्थामा पुगेको सार्वजनिक भयो । चीनको खासा भन्सारले मुस्ताङको कोरला नाका प्रयोग गर्न ट्रान्सपोर्ट कम्पनीहरूलाई सुझाएको बाहिरियो । नेपालमा हुने आपूर्तिमा चीनको हिस्सा २५ प्रतिशत पुगेको हुँदा दशैँ-तिहारको मुखमा सामान अभाव भई चर्को मूल्यवृद्धि हुने अनुमान गरिएको छ । भूकम्प र कोभिड-१९ मा मूल्यवृद्धिको मारमा परेका नेपाली जनता भेलबाढीको कारण यसपटक पनि थप मारमा पर्ने भयो । सरकार सिंहदरबारमा सीमित हुनुभन्दा सीमा नाकामा पुग्नु जरुरी छैन र ?

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

आयव्यय विवरणसम्बन्धी सूचना

भक्तपुर नगरपालिका कार्यालयको आर्थिक वर्ष २०८३/८४ को २०८३ साउन महिनासम्मको आयतर्फ रू. ४,४४,३२,५६४।१५ र व्ययतर्फ रू. ३,१८,९३,१२३।- रहेको छ ।

श्वेत भैरव बचत तथा ऋण
सहकारी संस्था लि.
भ.न.पा. जैंला-८, भक्तपुर, फोन नं. ०१-६६१०७२६

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको १९ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सहर्ष जानकारी गराउँदै सम्पूर्ण सदस्य महानुभावहरूमा उपस्थितिका लागि सादर अनुरोध गर्दछौं ।

**कार्यक्रम**
**मिति** : २०८३ असोज १७ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : ओल्ड दरबार पार्टी प्यालेस, लिबाली-८, भक्तपुर

साथै यस संस्थाको **२२ औं स्थापना दिवस**को उपलक्ष्यमा हुने खुला रक्तदान कार्यक्रम र ज्येष्ठ सदस्य सम्मान तथा सांस्कृतिक कार्यक्रममा उपस्थित हुनुहुन हार्दिक अनुरोध गर्दछौं ।
**मिति** : २०८३ भदौ २१ गते, आइतबार
**स्थान** : जैंला टोल, भक्तपुर
**रक्तदान कार्यक्रम समय** : बिहान ७:०० बजे
**ज्येष्ठ सदस्य सम्मान तथा सांस्कृतिक कार्यक्रम** : दिउँसो ३:०० बजे

# बोदेको नीलबाराही नाच प्रारम्भ









मध्यपुर, १६ भदौ । प्रत्येक वर्ष गुँलागा द्वितीयादेखि पञ्चमीसम्म नचाइने नीलबाराही नाच आइतबारदेखि प्रारम्भ भयो । यो नाच भदौ १७ गतेसम्म दिनभरि नचाइन्छ । यो नाचमा भैरव - १, बाराही - ४, कुमारी - ४, सिंह - ४, द्वारपाल - २ र गणेश - ४ गरी १९ जना देवीदेवताहरू हुन्छन् ।

यस नाचका देवीदेवताहरूले घरबाट निस्केदेखि घरमा नफर्केसम्म बोल्नु हुँदैन र खानेकुरा खानु हुँदैन भन्ने कथन छ । त्यस्तै, पानी पर्दा पनि घरमा ओट लाउन नहुने र कतै भुइँ वा मेचमा समेत बस्नु हुँदैन भन्ने भनाइ छ । यस नाचका प्रत्येक गणका देवीदेवताहरूको छुट्टै खालका लुगा हुन्छन् । यस नाचमा गुरुहरू ६ जना, धाँ बाजा बजाउने नौ जना, तः, भुस्याः र सिछ्या बजाउने ५ जना, देवीदेवतालाई सहयोग गर्ने सहयोगी १९ जना, राजदण्ड समाउने एकजना, भैरवको मूर्ति बोक्ने र खड्ग समाउने एकजना, चिराग बत्ती समाउने दुईजना, सहनाई फुक्ने दुईजना गरी जम्मा ८९ जनाको समूहबाट यो नाच सम्पन्न गरिन्छ ।

यो नाच बोदेको लाछि टोलबाट सुरु गरी विष्णुघाट टोल, भाँगु टोल र खाँसी टोलसम्म देवताहरू नाच्दै पुग्छन् । त्यसपछि खाँसी टोलबाट लाछि टोलस्थित देवता घरमा नाच फर्कने गर्छ । यहाँको लोकोक्तिअनुसार यो नाच नीलबाराही देवताले सिकाएर पठाएको भन्ने गरिन्छ । यो नाच सुवर्ण मल्लले महालक्ष्मी नाचको नाममा सुरु गरेको र राजा भूपतीन्द्र मल्लले राजदण्डसमेत चढाई जग्गा जमिन व्यवस्था गरी नीलबाराही नाचको रूपमा सञ्चालन गरेको इतिहासमा उल्लेख भएको पाइन्छ ।

# नयाँ पुस्तालाई सचेत गराउने जिम्मेवारी शिक्षकको काँध

भक्तपुर, १६ भदौ । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ बासु माविं एकाइ समितिको आयोजनामा भक्तपुर काण्डबारे सोमबार प्रवचन कार्यक्रम भयो ।

प्राध्यापक समाज नेपालका केन्द्रीय अध्यक्ष तथा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले निरङ्कुश व्यवस्था कस्तो हुन्छ भन्ने स्पष्ट उदाहरणको रूपमा भक्तपुर काण्डलाई लिन सकिने र नयाँ पुस्तालाई सचेत गराउने जिम्मेवारी शिक्षकको काँधमा रहेको छ भन्नुभयो ।

पुँजीवादी व्यवस्थाको उपज Global Warming (विश्व तापमान) ले देशले दुष्परिणाम भोगिरहेको हुनाले विद्यार्थीलाई सचेत गराउँदै लैजानुपर्ने कुरा शिक्षकको कर्तव्य हो, उहाँले भन्नुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घ भक्तपुर जिल्लाका अध्यक्ष गणेशराम थुसाले कुनै पनि घटनालाई आलोचनात्मक दृष्टिकोणले हेर्नुपर्ने उल्लेख गर्दै मानिस हरेक पक्षबाट सबल भएर अघि बढेमा समाजलाई अग्रदिशामा लान सकिन्छ भन्नुभयो ।

नेक्राशिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष विष्णुप्रसाद दुमरु र बासु माविका प्रधानाध्यापक रविलाल प्रधानले पनि भक्तपुर काण्डबारे बोल्नुभएको थियो ।

नेक्राशिसङ्घ बासु मावि एकाइ समितिका अध्यक्ष पुनेन्द्रप्रसाद कुसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षक शिक्षिका साजन साखकर्मी, निर्मला प्रजापति, रामहरि ताम्राकार, सुशीला दुवाल, सूर्यलक्ष्मी श्रेष्ठले पनि आ-आफ्नो अनुभव बताउनुभयो ।

# काठमाडौँ र हेटौँडा जाने सवारीसाधनको लागि नयाँ 'रुट' निर्धारण

काठमाडौँ, १६ भदौ । भोटेकोसी नदीमा यही भदौ १० गते बाढी गएपछि पृथ्वीराजमार्गलगायतका सडक अवरुद्ध भए पनि प्रहरी प्रधान कार्यालयले मकवानपुर जिल्लाको हेटौँडादेखि सङ्घीय राजधानी काठमाडौँमा चल्ने सवारीसाधनको नयाँ रुट मङ्गलबारदेखि निर्धारण गरेको छ ।

दस चक्कासम्मका सम्पूर्ण मालबाहक तथा ठुला यात्रुबाहक सवारीसाधन त्रिभुवन राजपथ हुँदै काठमाडौँतर्फ जाने रुट व्यवस्थापन गरेको छ । दश चक्कासम्मका सवारीसाधन काठमाडौँबाट मकवानपुर फर्किंदा भने कान्ति राजमार्ग हुँदै फर्किने व्यवस्था गरेको छ ।

प्रहरी प्रधान कार्यालयले मौसम र बाटोलगायत यात्रुहरूको सुरक्षालाई समेत मध्यनजर गर्दै कान्ति राजमार्ग हुँदै हेटौँडातर्फ आउने यात्रुवाहक सवारीसाधन अनिवार्य रूपमा साँझ ६:०० बजेभित्रमा मकवानपुर जिल्लाको इलाका प्रहरी कार्यालय ठिङ्गन चेकपोस्ट पार गरिसक्नुपर्ने व्यवस्था गरेको बताइएको छ ।

प्रहरी प्रधान कार्यालयले १४ सिटभन्दा कम क्षमता भएका साना यात्रुवाहक सवारीसाधन काठमाडौँबाट हेटौँडातर्फ आउँदा फर्पिङ-फाखेल-कुलेखानी हुँदै भीमफेदीतर्फ आउने रुट निर्धारण गरेको छ ।

त्यसैगरी, काठमाडौँतर्फ जाँदा भने भीमफेदी-कुलेखानी -सिस्नेरी-दक्षिणकाली हुँदै जाने रुट तय गरेको छ । मकवानपुरको त्रिखण्डी नजिकै रहेको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेको हुँदा इन्धन तथा भारी मालबाहक सवारीसाधनले उक्त बेलिब्रिज प्रयोग नगरीसँगै रहेको डाईभर्सन हुँदै जाने व्यवस्था गरेको छ ।

प्रहरी प्रधान कार्यालयले विपद्जन्य समय भएकाले अत्यावश्यक अवस्थामा मात्र यात्रा गर्ने, कुनै पनि राजमार्गमा सवारी चालकहरूले धैर्य एवं अनुशासनपूर्वक आफ्नो पालोमा मात्र सवारी सञ्चालन गर्ने, ओभरटेक नगर्ने तथा ट्राफिक व्यवस्थापन खटिएका सुरक्षाकर्मी ट्राफिक प्रहरीको निर्देशन पूर्ण रूपमा पालना गर्नका लागि सबैसँग अनुरोध गरेको छ ।

त्यसैबिच, भोटेकोसी बाढीका साथै अविरल वर्षाका कारण पहिरो खस्दा देशका विभिन्न राजमार्ग अवरुद्ध भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार पृथ्वीराजमार्गअन्तर्गत बेनिघाट रोराङ गाउँपालिका-७ कृष्णभिरस्थित त्रिशूली नदीले कटान गर्दा सडक भासिन गई मानिससमेत आवतजावत गर्न नसक्ने गरी पूर्ण रूपमा अवरुद्ध भएको छ ।

त्यसैगरी, धादिङको गजुरी गाउँपलिका-२ स्थित परेवाभिरमा पनि बाढीको कारण सडकको तल्लो भाग भासिएको कारणले पूर्ण रूपमा अवरुद्ध भएको छ । ***रासस***

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १०४

सत्यराज जोशी (कारागार कार्यालय नख्खुका जेलर) को मोबाइल नम्बर ९८५१०८०५७२ ले सह-सचिव आनन्द काफ्लेलाई भदौ २४ गते ६ पटक सम्पर्क गरेको देखिन्छ भने ललितपुर प्रमुख जिल्ला अधिकारीले भदौ २३ गते एकपटक सम्पर्क गरेको देखिन्छ । अविनाश आचार्य (राष्ट्रिय स्वतन्त्र पार्टी) सँग भदौ २३ र २४ गते दुईपटक एकअर्काको मोबाइलमा सम्पर्क गरेको देखिन्छ ।

**बीटीएस डेटा विश्लेषण**

२०८२ साल भदौ २३ र २४ गते देशका विभिन्न स्थानमा भएका घटनाहरूमा देशभर तोडफोड एवम् आगजनी, महत्त्वपूर्ण सरकारी प्रतिष्ठान, कार्यालयहरू, व्यक्तिगत घर र व्यापारिक प्रतिष्ठानहरूको भौतिक क्षति भएको घटना सम्बन्धमा तत्काल घटना स्थलमा उपस्थित मानिसहरूले प्रयोग गरेका मोबाइल नं हरूको (Cell ID) प्राविधिक अनुसन्धानतर्फ उक्त स्थानहरूको Base Transceiver Station-BTS Analysis गरियो ।

डेटा माग गरी हेरेका मध्ये देशभरिका १५ जिल्लाका सरकारी कार्यालय, राजनैतिक दलका प्रमुख तथा नेतृत्वहरूको निजी निवास, तत्कालीन मन्त्रीहरूका निजी निवास, सर्वसाधारणहरूका व्यक्तिगत सम्पत्ति, उद्योग तथा व्यापारिक प्रतिष्ठान आदि मुख्य-मुख्य क्षति भएका स्थान छनोट गरी सोअनुसार डेटा माग गरी हालसम्म प्राप्त भएका डेटा NTC ७ NCELL दुवै सेवा प्रदायकहरूको जम्मा १७४४२० वटा मोबाइल नं हरूको विश्लेषण गरिएको छ ।

**NTC BTS (काठमाडौँ उपत्यकाभित्रका सरकारी कार्यालयहरू)**

काठमाडौँ उपत्यकाभित्र मिति २०८२ साल भदौ २३ (बानेश्वरस्थित संसद् भवन) र २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्त्वपूर्ण सरकारी कार्यालयहरू नजिक रहेको Base Transceiver Station - BTS Analysis गर्दा नेपाल टेलिकमको सो स्थानमा अवस्थित नेटवर्क टावरहरूको माध्यमबाट कुल ३०७२३ जना सिम प्रयोगकर्ताले नेपाल टेलिकमको मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन् । यसको अर्थ ३०७२३ जना नेपाल टेलिकमका प्रयोगकर्ताहरू घटनाको समयमा सो स्थानमा उपस्थित भई नेपाल टेलिकमको नेटवर्कबाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए ।

**NCELL BTS (काठमाडौँ उपत्यकाभित्रका सरकारी कार्यालयहरू)**

काठमाडौँ उपत्यकाभित्र २०८२ साल भदौ २३ (बानेश्वरस्थित संसद् भवन) र २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्त्वपूर्ण सरकारी कार्यालयहरू नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NCELL को सो स्थानमा अवस्थित नेटवर्क टावरहरूको माध्यमबाट कुल १२५३८ जना सिम प्रयोगकर्ताले NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन् । यसको अर्थ १२५३८ जना NCELL का प्रयोगकर्ताहरू घटनाको समयमा सो स्थानमा उपस्थित भई NCELL को नेटवर्कबाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए ।

**NTC\NCELL BTS ( राजनैतिक दलका प्रमुख तथा नेतृत्वहरूको निजी निवास)**

काठमाडौँ उपत्यकाभित्र २०८२ साल भदौ २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्त्वपूर्ण राजनैतिक दलका प्रमुख तथा नेतृत्वहरूको निजी निवास नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NTC\NCELL को सो स्थानमा अवस्थित नेटवर्क टावरहरूको माध्यमबाट कुल ८५९८ जना सिम प्रयोगकर्ताले NTC\ NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन् । यसको अर्थ ८५९८ जना NTC\NCELL दुवै सेवा प्रदायकका प्रयोगकर्ताहरू घटनाको समयमा टेवलमा उल्लिखित स्थानमा उपस्थित भई सोका माध्यमबाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए । यसमा दुवै सेवा प्रदायकहरूको डेटा समाविष्ट छ ।

**NTC/NCELL BTS (व्यापारिक प्रतिष्ठान तथा व्यापारिक घरानाका निजी निवास)**


काठमाडौँ उपत्यकाभित्र २०८२ साल भदौ २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्त्वपूर्ण व्यापारिक प्रतिष्ठान तथा व्यापारिक घरानाका निजी निवास नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा NTC\NCELL को सो स्थानमा अवस्थित नेटवर्क टावरहरूको माध्यमबाट कुल १५०३२ जना सिम प्रयोगकर्ताले NTC\ NCELL को मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन् । यसको अर्थ १५०३२ जना NTC\NCELL दुवै सेवा प्रदायकका प्रयोगकर्ताहरू घटनाको समयमा टेबलमा उल्लिखित स्थानमा उपस्थित भई ती सेवा प्रदायकहरूको माध्यमबाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए ।


**NTC BTS (उपत्यका बाहिरका ११ जिल्लाका महत्त्वपूर्ण सरकारी प्रतिष्ठान, कार्यालय, व्यक्तिगत घर र व्यापारिक प्रतिष्ठानहरू)**

काठमाडौँ उपत्यका बाहिर (११ जिल्ला) २०८२ भदौ २४ गतेका दिन तोडफोड र आगजनी भएका महत्त्वपूर्ण सरकारी प्रतिष्ठान, कार्यालय, व्यक्तिगत घर र व्यापारिक प्रतिष्ठानहरू नजिक रहेको Base Transceiver Station-BTS Analysis गर्दा नेपाल टेलिकमको त्यहाँ स्थानमा अवस्थित नेटवर्क टावरहरूको माध्यमबाट कुल ६८३१७ जना सिम प्रयोगकर्ताले नेपाल टेलिकमको मुख्य नेटवर्कसम्म सम्पर्क स्थापित गरेका हुन् । यसको अर्थ ६८३१७ जना जना NTC का प्रयोगकर्ताहरू घटनाको समयमा टेबलमा उल्लिखित स्थानमा उपस्थित भई सोको नेटवर्कबाट टेलिफोन सम्पर्क स्थापित गरेका थिए ।

हार्दिक समवेदना







स्व. राजाराम गोरा
जन्मः २०१५/०९/०४ निधनः २०८३/०४/२७

स्व. सुरेन्द्र कर्माचार्य
जन्मः २०२३/०२/१४ निधनः २०८३/०५/०१

यस ख्वप अस्पतालमा कार्यरत कर्मचारी राजेश्वरी गोराका पूजनीय पिता **राजाराम गोरा** तथा डा. सुस्मा कर्माचार्यका पूजनीय पिता **सुरेन्द्र कर्माचार्य**को असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**ख्वप अस्पताल परिवार**
च्याम्हासिंह-९, भक्तपुर

## सङ्क्षिप्त समाचार

# महाकालीमा पानीको बहाव बढ्यो : बनवासा पुलमा आवागमन प्रभावित

महेन्द्रनगर, १६ भदौ । महाकाली नदीमा पानीको बहाव बढेपछि मङ्गलबार बिहानैबाट कञ्चनपुरको गड्डाचौकी नाकाको आवागमन प्रभावित बनेको छ ।

महाकाली नदीमा जलस्तर बढेसँगै पश्चिमी नाका गड्डाचौकी भएर नेपाल-भारत आवतजावत गर्ने चारपाङ्ग्रे सवारी साधनलाई शारदा ब्यारेज ( बनवासा पुल) आवागमन रोकिएको इलाका प्रहरी कार्यालय गड्डाचौकीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय गड्डाचौकीका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक जीवन गुरुङले गरिएको मापनअनुसार महाकाली नदीमा पानीको बहाव एक लाख १२ हजार क्युसेक पुगेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "महाकालीमा पानीको बहाव एक लाख क्युसेक नाघेपछि सुरक्षाको कारण चारपाङ्ग्रे सवारीसाधन आवागमन बनवासा पुलमा गर्न भारतीय पक्षले दिँदैन । पहाडी जिल्लासँगै कञ्चनपुरमा पनि बर्सात् भइरहेकाले बहाव बढ्न सक्छ ।"

एक सय वर्ष पुरानो बनवासा पुल जीर्ण भएकाले जोखिम हुने भन्दै बर्षातका बेला पानीको बहाव बढ्दा ठुला सवारी साधनलाई रोक लगाइने गरिन्छ । गुरुङले भन्नुभयो, "पानीको बहावले ठुला सवारीसाधन रोकिएपछि मोटरसाइकल र पैदल यात्रामा रोकावट हुँदैन । जलस्तर घटेपछि आवागमन सहज भइहाल्छ ।" **रासस**

# 'डिएनए' नमुना सङ्कलनपछि २८० शवको व्यवस्थापन

नारायणगढ (चितवन), १६ भदौ । रसुवाको भोटेकोसी नदीमा आएको भीषण बाढीपछि त्रिशूली र नारायणी नदीका तटीय क्षेत्रमा फेला परेका शवमध्ये हालसम्म २८० शवको 'फरेन्सिक' परीक्षण तथा 'डिएनए' नमुना सङ्कलन गरी चितवनको देवघाटस्थित व्यवस्थापन स्थलमा सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ ।

भरतपुर अस्पतालका प्रवक्ता डा. रामप्रसाद सापकोटाका अनुसार यही भदौ १० गते रातिदेखिनै सुरक्षाकर्मीले त्रिशूली नदीबाट सङ्कलन गरेका शव अस्पतालमा ल्याई संरक्षण गरेका थिए । यही भदौ ११ गते बिहानदेखि फरेन्सिक विज्ञको नेतृत्वमा चिकित्सक टोली परिचालन गरी शव पहिचानका लागि आवश्यक फरेन्सिक परीक्षण, डिएनएलगायत जैविक नमुना सङ्कलन तथा अभिलेखीकरणको काम सुरु गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार हालसम्म त्रिशूली र नारायणी नदीबाट ३२१ शव सङ्कलन गरिएको छ । तीमध्ये १२ शवको सनाखत भई आफन्तले बुझिसकेका छन् । सङ्कलित शवमध्ये ६६ महिला, ११६ पुरुष, सात बालक, छ बालिका र १२६ पहिचान खुल्न नसकेका वा अवस्था नखुलेका शव रहेका छन् ।

उहाँले भविष्यमा पहिचान गर्न सकिने गरी अन्तर्राष्ट्रिय मान्यताअनुसार देवघाटस्थित व्यवस्थापन स्थलमा सुरक्षित रूपमा ती शवको व्यवस्थापन गरिएको बताउनुभयो । भदौ १३ गते ९६ शव, भदौ १४ गते १०३ शव र भदौ १५ गते ८१ शव व्यवस्थापन गरिएको हो ।

प्रहरी उपरीक्षक पौडेलले नदी किनारमा शव खोज्ने कार्य अझै दैनिक रूपमा जारी रहेको बताउनुभयो । नदीबाट फेला परेका शव भरतपुर अस्पताल ल्याई फरेन्सिक परीक्षण र डिएनए नमुना सङ्कलन गरेपछि देवघाटस्थित व्यवस्थापनस्थलमा सुरक्षित रूपमा व्यवस्थापन गर्ने कार्य निरन्तर भइरहेको उहाँले जानकारी दिनुभयो । **रासस**

# भोटेकोसी बाढी : रसुवामा ६६ वटा शव फेला

रसुवा, १६ भदौ । भोटेकोसी बाढीमा परी ज्यान गुमाउनेहरूको ६६ वटा शव जिल्लाका विभिन्न स्थानमा फेला परेको छ । जिल्लाको बेत्रावतीमा दश, टिमुरेमा ५० र स्याफ्रुबेँसीमा छ वटा शव फेला परेको जिल्ला प्रहरी प्रमुख अशोक थापाले राससलाई जानकारी दिनुभयो ।

त्यसमध्ये छ वटा शव पहिचान भएको छ । फेला परेको शवलाई सङ्कलन गरी धुन्चे ल्याउने तयारी गरिरहेको छ । बाढीमा परी बेपत्ता भइरहेका अन्य व्यक्तिको खोजी भइरहेको उहाँको भनाइ छ ।

बाढीबाट प्रभावित ६०० भन्दा बढीको उद्धार गरिएको छ । बेत्रावती कैँदलटारबाट विस्थापित परिवारलाई काठमाडौँको तारकेश्वर नगरपालिकाअन्तर्गत शान्ति टोलका विभिन्न स्थानमा राखिएको छ ।

टिमुरे र स्याफ्रुबेँसीका विस्थापितलाई रानीवनस्थित पहिलो गुम्बामा राखिएको छ । केही प्रभावितलाई धुन्चेस्थित टुर्कुछिलिङ गुम्बा र अन्यलाई दक्षिणी रसुवाको माझगाउँस्थित भीमसेन र शिवालय प्राविमा राखिएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

कैँदलटार क्षेत्रबाट विस्थापित भएका नागरिकको बालबालिकालाई पोषणयुक्त खाना र दूध एक गैरसरकारी संस्थाले प्रदान गरेको सहजकर्ता पाशु लामिछानेले जानकारी दिनुभयो ।

भोटेकोसी बाढीले पुल र सडक बगाउँदा रसुवाको पश्चिम क्षेत्र थोमन, चिलिमे, गोल्जुङ, हाकु, डाँडागाउँ, ठुलोगाउँलगायत बस्तीमा हेलिकप्टरमार्फत राहत सामग्री पुऱ्याइएको सहायक प्रमुख जिल्ला अधिकारी दुवप्रसाद अधिकारीले जानकारी दिनुभयो । यस्तै लहरेपौवा, बेत्रावती, पहिराबेँसी, राम्चे, टिमुरेको खैदी, विर्दिङ, शेर्पा गाउँ, खाम्जिङ, स्याफ्रुसमेतका क्षेत्रमा पनि हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी भइरहेको छ ।



**शव व्यवस्थापन गरिँदै**
रसुवाको भोटेकोशी बाढीपछि खोजी तथा उद्धारका क्रममा भेटिएर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परीक्षणका लागि ल्याइएका १०२ शवमध्ये सनाखत हुन नसकेका ८३ शव मङ्गलबार पोखरा-१६ लामाचौर जौवारीको वन क्षेत्रमा व्यवस्थापन गरिँदै । *तस्बिर: कृष्ण दवाडी/रासस*

# अस्टिम्की चित्रकला लोप हुने अवस्थामा

बाँके, १६ भदौ । अस्टिम्की चित्रकला लोप हुने अवस्थामा पुगेको छ ।

थारु समुदायभित्र उक्त कलालाई मौलिक लोककला, संस्कृति र पहिचानसँग जोडिएको छ । थारु समुदायका अगुवाले सो चित्रकलाको संरक्षण, सम्बर्द्धन र ब्रान्डिङ गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

थारु अनुसन्धाता तथा साहित्यकार शेखर दहितले अस्टिम्की चित्रमा परम्परादेखि समेटिँदै आएका सांस्कृतिक, धार्मिक तथा सामाजिक प्रतीकको अर्थ र महत्त्व रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पछिल्लो समय यसको स्वरूप र चित्रणमा विचलन आउन थालेको छ, यसले थारु चित्रकला लोप हुने खतरा छ ।" थारु समुदायको मौलिक कला र सांस्कृतिक पहिचान बोकेको अस्टिम्की चित्रकलालाई आधुनिकताका नाममा परिवर्तन गर्ने क्रम बढेकोमा चिन्ता व्यक्त गर्दै उहाँले यसप्रति नयाँ पुस्ता र सम्बन्धित समुदाय सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

"अस्टिम्की चित्रकलालाई थारु समुदायको विशिष्ट सांस्कृतिक सम्पदाका रूपमा स्थापित गर्न ब्रान्डिङ गर्न आवश्यक रहेको छ," उहाँले भन्नुभयो । अस्टिम्कीलाई केवल पर्वका अवसरमा बनाइने चित्रका रूपमा सीमित नराखी थारु कला र पहिचानको प्रतिनिधित्व गर्ने मौलिक सांस्कृतिक सम्पदाका रूपमा विकास गर्नुपर्ने थारु अनुसन्धानदातासहित बताउनुहुन्छ ।

अस्टिम्कीमा अनावश्यक चित्र तथा आकृति थपिने र परम्परागत रूपमा राखिनुपर्ने महत्त्वपूर्ण चित्र छुट्नेक्रमसमेत देखिएको जानकारी दिँदै उहाँले अस्टिम्कीको मौलिक संरचना र सांस्कृतिक अर्थमा विचलन ल्याउने भएकाले चित्र बनाउने पुस्ताले यसको परम्परागत ज्ञान बुझ्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

थारु समुदायले आफ्नो मौलिक पर्वका रूपमा मनाउँदै आएको अस्टिम्की दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतका जिल्लामा श्रीकृष्ण जन्माष्टमीका दिन मनाइने गरिन्छ । थारु समुदायमा विशेष सांस्कृतिक गतिविधिसँगै अस्टिम्की चित्र बनाउने परम्परा रहँदै आएको छ ।

चित्रमा थारु समुदायको धार्मिक विश्वास, सामाजिक जीवन, प्रकृति, जीवजन्तु तथा सांस्कृतिक अभ्याससँग सम्बन्धित विभिन्न आकृति र प्रतिक समेटिन्छन् ।

चित्रकला केवल सजावटको माध्यम नभई थारु समुदायको इतिहास, विश्वास, जीवनशैली र सामूहिक पहिचानको दृश्य अभिलेखसमेत भएको बताइएको छ ।

जङ्गार साहित्यिक बखेरी नेपालका केन्द्रीय अध्यक्ष सोम डेमनडौराले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणका लागि यस्ता सांस्कृतिक सचेतनामूलक कार्यक्रम आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

थारु समुदायका मौलिक कला र परम्पराको दस्तावेजीकरण गर्दै नयाँ पुस्तासम्म पुऱ्याउन साहित्यिक तथा सांस्कृतिक संस्थाले निरन्तर भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अस्टिम्कीको मौलिकता जोगाउन कलाकार, समुदाय, साहित्यकार, अनुसन्धाता र नयाँ पुस्ताबिच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै डेमनडौराले थारु समुदायको पहिचान र अस्तित्वसँग जोडिएको अस्टिम्की चित्रकलालाई व्यवस्थित रूपमा संरक्षण, अभिलेखीकरण गर्न आवश्यक भएको बताउनुभयो । श्रीकृष्ण जन्माष्टमीका दिन यो चित्रकला बनाएर पूजा गर्दा पुण्य प्राप्त हुने धार्मिक विश्वास रहेको छ । **रासस**

# चार हजार २७० जनाको उद्धार, चार हजार ५९९ अझै बेपत्ता : नेपाल प्रहरी

काठमाडौँ, १६ भदौ । भोटेकोसी हुँदै त्रिशूली नदीमा गएको बाढीमा परी सम्पर्कविहीन भएकामध्ये हालसम्म चार हजार २७० जनाको उद्धार गरिएको र चार हजार ५९९ जना अझै बेपत्ता रहेको नेपाल प्रहरीले जनाएको छ । प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार बाढीबाट प्रभावित तीन हजार तीन पुरुष, एक हजार २५४ महिला र पहिचान नखुलेका १३ जना गरी चार हजार २७० जनाको उद्धार गरिएको हो ।

अन्य सुरक्षा निकायसहित विभिन्न पक्षबाट समेत गरी १२ हजारभन्दा बढी बाढी प्रभावितको उद्धार भइसकेको प्रहरीले स्पष्ट गरेको छ ।

उद्धार कार्यलाई तीव्र बनाइए पनि उल्लेख्य सङ्ख्यामा मानिस अझै सम्पर्कविहीन रहेको अवस्थालाई दृष्टिगत गरी खोजी तथा उद्धार कार्यलाई थप प्राथमिकता दिई सुरक्षाकर्मीसहित सरकारी संयन्त्र परिचालित गरिएको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ४५३ जनालाई 'होल्डिङ सेन्टर' मा राखिएको छ । नुवाकोटमा दुई हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौँमा ३२९ जना होल्डिङ सेन्टरमा रहेका छन् ।

विनासकारी बाढीमा परी ज्यान गुमाएका १२१ महिला, १९८ पुरुष र पहिचान नखुलेका २६२ गरी ५८१ जनाको शव जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने ५६ वटा शव मृतकका परिवार तथा आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता काफ्लेका अनुसार हालसम्म एक हजार १० जनाको शव फेला परेको छ । फेला परेका शवमध्ये ३० बालक, ३५ बालिका, २०९ महिला, ३८५ पुरुष र ३५१ जना आंशिक अङ्गसहितका रहेका छन् । शवको पहिचान तथा व्यवस्थापनको प्रक्रिया पनि सँगसँगै अघि बढाइएको प्रहरीले जनाएको छ ।

दुई हजार ३१२ पुरुष र ३६८ महिला गरी दुई हजार ९८० नेपाली, विदेशीतर्फ २५१ पुरुष र ३३० महिला गरी ५८१ तथा फोनबाट टिपाइएका एक हजार ३२९ जना बेपत्ता अवस्थामा रहेका छन् । बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार, शव व्यवस्थापन तथा बेपत्ताको विवरण सङ्कलनलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ ।

भोटेकोसीमा गएको अकल्पनीय बाढीबाट रसुवासहित नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठुलो जनधनको क्षति भएको विषम परिस्थितिमा उद्धार, राहत वितरण तथा पुनर्स्थापनातर्फ उच्च प्राथमिकताका साथ समन्वयात्मक ढङ्गबाट सरकारी संयन्त्र अहोरात्र क्रियाशील रहेको प्रहरीले स्पष्ट गरेको छ । **रासस**

# कालीगण्डकी करिडोर अवरुद्ध

गुल्मी, १६ भदौ । अविरल वर्षासँगै आएको पहिरोले गुल्मीको कालीगण्डकी करिडोर र मदन भण्डारी राजमार्ग अवरुद्ध बनेका छन् ।

मङ्गलबार बिहान आएको पहिरोले कालीगण्डकी गाउँपालिका-२ स्थित रास्सेमा माथिबाट खसेको पहिरोका कारण उक्त करिडोर अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

त्यसैगरी, गुल्मीदरबार गाउँपालिका-३ स्थित घुम्तीमा पनि मङ्गलबार बिहान माथिबाट खसेको पहिरोले उक्त सडकखण्ड अवरुद्ध बनेको छ ।

प्रहरी चौकी पुर्तीघाट र चारपालाबाट प्रहरी सहायक निरीक्षकको नेतृत्वमा सडक खुलाउन टोली परिचालन भइसकेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब निरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिनुभयो । **रासस**

**। सम्पादकीय ।**

# सकसको यो बेला सङ्घीय सरकारको हस्तक्षेपकारी भूमिका जरुरी

यही भदौ १० गतेको हिमबाढीले भोटेकोसी र त्रिशुली नदीका ४१ ओटा पुल बगाइएको र ४२ किमिभन्दा बढी पक्की सडक भत्किएको सार्वजनिक भयो । नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका अध्यक्ष रामहरि कार्कीका अनुसार २ सयभन्दा बढी मालवाहक कन्टेनर र २ सयको हाराहारीमा खाली कन्टेनर हिमनदीमा बगाइयो । गत वर्षको बाढीमा परेर रसुवागढी क्षेत्रको मितेरी पुललगायत पूर्वाधार बगाइएको थियो । तर, सरकारका अधिकारीहरू सचेत नहुँदा यसपटक थप क्षति भएको मत पनि बाहिरियो ।

सडक र पुल पहिरो बाढीमा पर्दा उद्धार राहतमा मात्र बाधा पर्नुको साथै भएका उत्पादन बजारमा पुऱ्याउन पनि कठिन भइरहेको छ । भोटेकोसी हुँदै त्रिशुलीमा आएको हिमबाढीले नागढुङ्गा-मुग्लिन सडक खण्ड र पृथ्वी राजमार्गको ठाउँ ठाउँमा क्षति पुऱ्याएको छ । त्रिशुली नदीको कटानले कृष्णभिरमा सडक भासिँदा काठमाडौँलाई पश्चिम जिल्लासँग जोड्ने मार्ग ठप्प भएको छ । धादिङ-काठमाडौँ जोड्ने वैकल्पिक सडकको परेवाभिर सडक पनि भासिएको अवस्था छ ।

सरकारहरूले काठमाडौँ उपत्यकामा ८० लाख हाराहारी नेपालीलाई बसोबास गराएको हुँदा यहाँका मानिसको लागि खाद्यान्न, इन्धन, लत्ताकपडालगायत आधारभूत सामानसमेत आपूर्तिमा समस्या देखिएको छ । देशको सन्तुलित विकास गरी जनसङ्ख्यालाई विकेन्द्रित गरिएको भए विपद्मा काठमाडौँ उपत्यका र मुख्य मुख्य सहरका बासिन्दाको लागि खाद्यान्न आपूर्तिमा अहिलेको जस्तो सकस आउने थिएन ।

नेपाली जनता २०७२ सालको भूकम्प र २०७६-७८ सम्मको कोभिड १९ बाट तङ्ग्रिन नसकेको अवस्थामा गत भदौ २३ र २४ गतेको उपद्रव र देशभरि आगजनीले नेपालको अर्थतन्त्रलाई थप पछाडि धकेलेको थियो । त्यसो त २०५२ सालदेखि २०६२ सालसम्मको माओवादी सशस्त्र द्वन्द्वको कारण पनि नेपालको अर्थतन्त्र पछाडि धकेलिएको दाबी बाहिरिएको थियो । यही भदौ १० गते भोटेकोसी र त्रिशुली नदीमा आएको हिमबाढीले देशको अर्थतन्त्र थप ५-१० वर्ष पछाडि धकेलिएका मतहरू पनि सार्वजनिक भयो । (कारोबार दैनिक भदौ १६ गते) नेपालको कुल ६६ खर्बको अर्थतन्त्रमा हिमबाढीले जलविद्युत्, सडक, पुल, भन्सार नाका, कृषि, बस्ती क्षेत्रमा भएको क्षतिले नेपालको कुल अर्थतन्त्रमा १० प्रतिशत बढी नोक्सान हुने मत पनि बाहिरियो ।

हिमबाढीमा परेर कृषि क्षेत्रमा परेको क्षतिले विशेष गरी निम्न वर्गका जनताको जीवनमा थप कठिन पर्नेछ । नेपालमा जुनसुकै विपद्मा कृषिमा परेको क्षतिबारे वैज्ञानिक मूल्याङ्कन गरिएन, यसपटक पनि हुने अवस्था छैन । अर्थात्, नेपालको कृषि मन्त्रालय नाम मात्रको भएको पुनः पुष्टि भयो । नेपाल बैङ्कर्स सङ्घका अनुसार १२ ओटा बैङ्कका १६ शाखामध्ये १५ शाखा कार्यालयमा पूर्ण क्षति भएको र ६० करोड हाराहारीमा क्षति भएको पनि सार्वजनिक भयो । कृषि विकास बैङ्कको त्रिशुली शाखा पुरै बगाइएको र यहाँ ६४ लकर बक्स भएको साथै बक्सभित्र के कति कस्तो सामान राखिएको यथार्थ लकर प्रयोगकर्तालाई मात्र थाहा हुने पनि सार्वजनिक भयो । हालसम्म बैङ्कहरूका २६ जना कर्मचारी सम्पर्कविहीन भएको पनि बाहिरियो ।


बैङ्क तथा वित्तीय संस्थाहरू सेवामूलकभन्दा पनि नाफामूलक रूपमा देशभरि स्थापना गराइएको हुँदा भूकम्प, बाढी, पहिरो, डुबानमा थप क्षति भइरहेको भुक्तभोगीहरूको मत बाहिरियो । यो सङ्कटको बेला खाद्यान्न इन्धनलगायत अत्यावश्यक वस्तु, आपूर्तिमा सङ्घीय सरकारको हस्तक्षेपकारी भूमिका आवश्यक हुन्छ । स्थानीय निकायका जनप्रतिनिधिहरूमार्फत जनतासम्म राहत पुऱ्याउनु जरुरी हुन्छ ।

# हो चि मिन्हको क्रान्तिले यसरी भियतनाम अमेरिकासित विजयी बन्यो

भियतनाम दक्षिणपूर्वी एसियामा अवस्थित एक देश हो । उन्नाइसौँ शताब्दीको समयमा जब युरोपियन शक्तिहरू व्यापार र आफ्नो साम्राज्य बढाउनेतर्फ लागेका थिए तब यो देश फ्रान्सको कब्जामा परेको थियो । सन् १८५८ को फ्रेन्च र स्पेनिस अभियानले सैजोन कब्जा गऱ्यो । त्यसपछि त्यही स्थानमा सन् १८६२ मा भएको सन्धिमुताविक पूर्वीय केही प्रान्तहरू फ्रान्सले पाउने भयो तर बिस्तारै उसले आफ्ना पापी नजरहरू सम्पूर्ण भियतनाम कब्जा गर्नेतर्फ दौडायो र त्यो पूरा गऱ्यो पनि । तर, यो सानो देशका वीर जनता फ्रान्सको अत्याचार सहेर बसेनन् । त्यसैले, उनीहरूले सुरुमा फ्रान्स र पछि अमेरिकी साम्राज्यवादको विरुद्ध पचास वर्षसम्म लडाइँ लडिरहे । सुरुमा भान ट्रङ्ग ट्रक जो एक किसान सिपाही थिए, उनले स्वतन्त्रताको लागि आफ्नो आवाज बुलन्द पारे तर उनलाई साम्राज्यवादीहरूले मृत्युदण्ड दिए । आफ्नो मृत्युभन्दा पहिले उनले घोषणा गरे कि "यो देशको पवित्र भूमिमा जबसम्म घाँस उम्रिरहने छ तबसम्म साम्राज्यवादीहरूका विरुद्ध जनताले आफ्नो ज्यानको बलिदान दिनेछन् ।"

साँच्चै नै आफ्नो राष्ट्रलाई स्वतन्त्रता नदिलाएसम्म यो देशले वीर योद्धाहरूलाई जन्म दिइरह्यो । भियतनामको ङे एन प्रान्तको नामदान जिल्लाको सेन गाउँमा १९ मे १८९० मा हो चि मिन्हको जन्म भएको थियो । उनको बाल्यकालको नाम कुङ् थियो । त्यसपछि न्युएन टानटानका नामबाट चिनिन थाले । उनी ११ वर्षको हुँदा आर्थिक दुरवस्थाले उपचार नपाएर उनकी आमाको मृत्यु भयो । पिता ङ एन मिन्ह आर्थिकरूपले एक गरिब बुद्धिजीवी थिए । उनी शास्त्रीय मानवविज्ञानमा डाक्टर गरेका सामन्तवाद, साम्राज्यवादका विरोधी र एक देशभक्त नागरिक थिए । आफ्नो जीवनको अठारौँ वसन्तमै उनी फ्रान्स गई क्रान्तिलाई अगाडि बढाउने कुरामा व्यापक अध्ययन गर्न थाले । फ्रान्स र इङग्ल्यान्डमा बसेर अध्ययन गरे, अनुसन्धान गरे, क्रान्तिकारी गतिविधि चलाए । उनले प्रवासी भियतनामीहरूबिच सङ्गठन गरे । यसै सिलसिलामा उनी रुस, चीन, जर्मनी, अफ्रिकालगायतका देशमा पुगे । यस क्रममा उनले अनेक दुःख, कष्ट र हन्डर खाए, जेलनेल भोगे, उनले अर्काको जुठा भाँडा माझे, चुरोट, पत्रिका बेचे, खेत जोते, भान्से बने । सन् १९३० मा उनी थाइल्यान्डबाट हङकङ पुगे । त्यहाँ आयोजित भियतनामका विभिन्न राजनीतिक पार्टीहरूको सम्मेलनको अध्यक्षता गरे र फ्रान्सेली उपनिवेशवादविरुद्ध संयुक्त सङ्घर्ष गर्ने निर्णय गरे । तर हङकङ प्रहरीले उनलाई समाते । उनलाई 'सोभियत जासुस', 'कम्युनिस्ट', हङकङलाई तहसनहस पार्न हङकङ पसेको जस्ता आरोप लगाई जेल हालेर मुद्दा चलाइयो तर हङकङ सरकारले प्रमाण पेस गर्न नसक्दा उनी जेलबाट रिहा भए । सन् १९२९ मा उनको नेतृत्वमा हिन्द चिनियाँ कम्युनिस्ट पार्टी स्थापना भएको थियो । सन् १९३० मा एकीकृत भियतनामी कम्युनिस्ट पार्टीको स्थापना गरेर उनले क्रान्तिकारी आन्दोलनको नेतृत्व गरे । सन् १९४१ मा हो चि मिन्ह आफ्नो पितृभूमि फर्के । लामो निर्वासनपछि स्वदेश फर्की पितृभूमिको क्रान्तिलाई सफलतापूर्वक नेतृत्व गरे । सन् १९४५ देखि सशस्त्र आक्रमण सुरु गरे । देशव्यापी रूपमा क्रान्ति सल्काए । १९ अगस्ट १९४५ मा राजधानी हनोइ कब्जा गरे । २ सेप्टेम्बर १९४५ मा स्वतन्त्र भियतनामको घोषणा भयो र हो चि मिन्ह नयाँ भियतनामको राष्ट्रपति बने । घटनाक्रम ३ मे, १९३० मा तीन भियतनामी कम्युनिस्ट समूहहरूले हङकङमा बैठक गरे र महान् स्वतन्त्रताका नेता हो चि मिन्हको नेतृत्वमा एकीकृत आन्दोलनमा जाने निर्णय गरे ।

यो बैठक बस्नुभन्दा पहिले ती कम्युनिस्ट पार्टीहरूबिच विभिन्न विषयमा गम्भीर मतभेद थियो । यही फुटको कारणले फ्रान्स उनीहरूका क्रियाकलापहरूलाई दबाउन सफल भइरहेको थियो । हो चि मिन्हले पार्टीलाई एकीकृत गरेपछि फ्रान्सविरुद्ध चलाइने अभियानलाई केन्द्रित गरिने योजनाहरू स्पष्ट गरे । भियतनाममा यसरी एकीकृत भएको कम्युनिस्ट पार्टीको नाम परिवर्तन गरेर इन्डो चाइना कम्युनिस्ट पार्टी राखियो । उक्त पार्टीले क्रान्तिका लागि एघार वटा बुँदाहरू अगाडि ल्याएको थियो । यसै परिप्रेक्ष्यमा भियतनामको कुनाकुनामा कम्युनिस्ट पार्टीको प्रभाव अत्यधिक रूपमा बढ्न थाल्यो । १९३०-३१ मा भएका क्रान्तिहरूमा यही कम्युनिस्ट पार्टीले प्रभावशाली नेतृत्व प्रदान गऱ्यो । यसै सन्दर्भमा एन आन र हा निह प्रान्तका जनताले प्रशासनमाथि नियन्त्रण कायम गरे आफ्नै गाउँ परिषद् प्रशासनको स्थापना गरे । तर, फ्रान्सको क्रूर दमन र कडा कारबाहीको कारणले उक्त स्थानीय सरकार ६ महिनाभन्दा बढी टिक्न सकेन । यसबेला हो चि मिन्हले उक्त क्रान्ति हङकङमा बसेर सञ्चालन गरिरहेका थिए र त्यो स्थानीय सरकार असफल भएका कारणहरू उनले स्पष्ट गरे । हो चि मिन्हसँग पहिले नै इङग्ल्यान्ड, फ्रान्स, चीन र रुसमा भएको जनआन्दोलनको अनुभव रहेको थियो । त्यसैले उनले बुझेका थिए अब कम्युनिस्ट विचारधारालाई कसरी भियतनामी भूमि मुताविक सफलता उन्मुख गराउने ।



सन् १९३६ मा भियतनाममा शासन गर्ने फ्रान्सको सरकार परिवर्तन भयो । यसले इन्डो चाइनाका उपनिवेशहरूमाथिको आफ्नो पहिलेको कडा रवैयालाई खुकुलो पाऱ्यो । फ्रान्सको यस्तो उदारवादी नीतिको पूरा फाइदा भियतनामको कम्युनिस्ट पार्टीले लियो । तिनीहरूले आफ्ना सिद्धान्त र विचारधारा तथा क्रान्तिका कार्यक्रमहरूमा आमूल परिवर्तन गरेर इन्डो चाइना क्षेत्रमा आफ्नो पार्टीको सुधार कार्यक्रमहरू निर्धारित गरे । यसपछि तिनीहरूका मुख्य मागहरूमा प्रजातान्त्रिक सुधार, जनस्तरमा प्रभावकारी सुधार र बालिग मताधिकार र स्थानीय निर्वाचन प्रमुख थिए । मजदुरहरूले आफ्नो पार्टीका मागहरू पूरा गराउन काम ठप्प पारे भने किसानहरू प्रदर्शन गर्दै सडकमा उत्रिए । मे १९३८ मा सबैभन्दा ठुलो प्रदर्शनको रूपमा ५ लाख जनता सडकमा उत्रिए । त्यसबेला चर्चित भियतनामी नेता हो चि मिन्ह जापानविरुद्धको चिनियाँ युद्धमा सहभागी बनेर क्रान्तिको अनुभव हासिल गरिरहेका थिए । सेप्टेम्बर, १९३९ मा दोस्रो विश्वयुद्ध सुरु भयो । यसको लगत्तै फ्रान्सले पहिले दिएका अधिकारहरू खारेज गर्दै भियतनामी विरुद्ध कडा कारबाहीको अभियान सञ्चालन गऱ्यो ।

भियतनामी जनताका राजनैतिक र मौलिक अधिकारहरू समाप्त पारियो । सयौँको सङ्ख्यामा क्रान्तिमा संलग्न जनता गिरफ्तार गरिए । फाम वान डाङ र वो गिप्पा भागेर चीन पुगे र त्यहाँ उनीहरू हो चि मिन्हसँग सम्बन्ध स्थापित गर्न प्रयासरत रहे । उनीहरूले हो चि मिन्हसँग सम्पर्क गरेपछि उनकै सल्लाह मुताविक उनीहरूले क्रान्तिकारी सङ्गठन स्थापना गर्ने निधो गरे र त्यो आन्दोलनलाई भियत मिन्ह नाम दिइयो । यो क्रान्तिकारी सङ्गठनले भियतनामी जनतालाई सङ्गठित र एकीकृत भएर त्यहाँको फासिस्ट सरकारको विरुद्ध कडा चुनौती दिन आह्वान गऱ्यो । यसको साथै उनीहरूले आफ्ना क्रियाकलापहरू भियतनामबाट फ्रान्सेली सरकार धपाउने कार्यक्रमहरूको योजना पनि तर्जुमा गरे । यसै परिप्रेक्ष्यमा तयार गरिएको एक पम्प्लेटमा हो चि मिन्हले यस प्रकारको नारा लेखे, "फ्रान्सेली साम्राज्यवाद र जापानिज फाँसीवाद, दुवै राष्ट्रिय स्वतन्त्रताको आन्दोलन र विश्व क्रान्तिका शत्रु हुन् ।" यसपछि भियतनामी जनता छिमेकी देशमा चलेको क्रान्तिको विद्रोही सैन्यमा भर्ना हुन छोडेर आफ्नै देशको स्वतन्त्रता क्रान्तिमा सरिक हुन थाले । तिनीहरू अब अन्तर्राष्ट्रिवादमा विश्वास गर्दै सशक्त राष्ट्रवादी सोच राख्न थाले । विद्रोहहरू विभिन्न स्थानमा उग्र रूपमा चल्न थाले । जस्तैः- टोन्किन क्षेत्र, अन्नामको डो लङ र कोचिन - चाइना क्षेत्रमा विद्रोहले कडा रूप लियो । फ्रान्सले उक्त विद्रोह दबाउन अत्यन्त क्रूरताको व्यवहार गऱ्यो । निहत्था जनताको छातीमा दयाहीन रूपले मेसिनगनद्वारा गोली दागियो । साराका सारा गाउँहरूमा आगो लगाइयो । निर्दोष जनतालाई आफ्नो चिहानको खाडल आफैँ खन्न लगाएर तिनीहरूलाई जिउँदै गाडियो । दोस्रो विश्वयुद्ध चलिरहेको थियो । युरोपमा जर्मनीले फ्रान्समाथि हमला गरेर नियन्त्रण कायम गरेको अवस्था थियो भने फ्रान्स कमजोर भएको परिस्थिति बुझेर जापानी सेनाहरू भियतनाम प्रवेश गरे । हो चि मिन्हले आफ्ना क्रान्तिकारी योद्धाहरूलाई सन्देश पठाउँदै भने कि उनीहरूले जापानी सेनाविरुद्ध छापामार युद्धकला अपनाऊन् र तिनीहरूलाई तहसनहस पारून् । यसै परिप्रेक्ष्यमा जनवरी १९४१ मा हो चि मिन्ह भियतनाम फर्किए । उनको यो फिर्ता तीस वर्ष निर्वासनपछि भएको थियो । उनी आफ्नो मातृभूमि फर्किनेबित्तिकै क्रान्तिमा प्रत्यक्ष सहभागी भएर त्यसलाई नेतृत्व प्रदान गर्न थाले । उनले क्रान्तिलाई आफ्नो नियन्त्रणमा लिएर अझ सशक्त बनाए । उनले क्रान्तिकारीहरूका अनेकौँ सङ्गठन र कार्यक्रमहरू तय गरे । कम्युनिस्ट पार्टीले आफ्नै समाचार पत्र पनि प्रकाशित गऱ्यो । १९४१ को अन्त्यसम्म कम्युनिस्टहरूले काव-वाङ क्षेत्रमा विभिन्न आधार इलाकाहरू खडा गऱ्यो ।

रुस र चीनका छापामार युद्धहरूबाट प्रत्यक्ष अनुभव पाएका हो चि मिन्हले छापामार युद्ध कलासम्बन्धी निकै पुस्तकहरू लेखे । उनले रसियन कम्युनिस्ट पार्टीको इतिहास र भियतनाममाथिको फ्रान्सको आधिपत्यको इतिहास भन्ने पुस्तक पनि लेखे । पछिल्लो पुस्तकमा उनले भियतनामी स्वतन्त्रता क्रान्तिका कारण र चरणहरू पनि लेखेका थिए । उनको उक्त पुस्तकमा उनले एउटा भविष्यवाणी तर ठोकुवा गरेर नै के लेखे भने १९४५ सम्ममा भियतनाम पूर्णरूपले विदेशीहरूको पञ्जाबाट मुक्त हुनेछ । बिस्तारै बिस्तारै क्रान्तिकारी कम्प्युनिस्टहरूका आधार इलाकाहरू लम्सुङ भन्ने स्थानसम्म फैलिएर भियत- मिन्हले आफ्ना छिमेकी देशहरूबाट पनि क्रान्तिको लागि सहयोग लिने निर्णय गरे । हो चि मिन्ह केही सहयोग पाउने अपेक्षाका साथ चीन गए । त्यहाँ उनले च्याङ काई सेकसँग भेट्ने आफ्नो इच्छा जाहेर गरे । उनले चिनियाँ कम्युनिस्ट पार्टीसँग सम्पर्क गर्ने कोसिस गरे । तर, उनी गिरफ्तारीमा परे । गिरफ्तार भएको चौध महिनापछि उनी मुक्त गरिए । उनी मुक्तिको लागि चिनियाँ सरकारमाथि कडा दबाब परेको थियो । उनको गिरफ्तारीको चौध महिने समयमा उनको स्वास्थ्य साऱ्है नराम्ररी बिग्रियो । तथापि उनीसँग कहिल्यै कमजोर नहुने साहस भने रहेकै थियो । उनले आफ्नो हाडजोर्नी दुख्ने र नशा सुन्निने रोग पहाड चढेर नै निको पारे । त्यो मात्र होइन उनले अन्धकारमा देख्न सक्ने अभ्यास पनि गरेका थिए । उनले चीनमा बसिरहेको ठुलो सङ्ख्याका भियतनामी जनतालाई आफ्नो देश फर्किएर स्वतन्त्रताको महान् क्रान्तिमा सरिक हुन आह्वान गरे । यस प्रकारको आह्वान गरेलगत्तै उनी १९४४ मा आफ्नो दुईवर्षे चीन बसाइँपछि पुनः भियतनाम फर्किए । विश्व राजनीतिको बदलिँदो परिस्थितिमा भियत-मिन्ह छापामारहरूले जापानी सैनिकविरुद्ध संयुक्त रूपमा लड्न फ्रान्सेलीहरूलाई प्रस्ताव राखे । तर फ्रान्सेलीहरूले कम्युनिस्टसँग नभई जापानीहरूसँग चाहिँ मिलेर जानु उचित ठाने । तिनीहरूले भियतनामी जनतालाई भियत-मिन्हमा सामेल हुनबाट रोक्न डर र त्रास देखाउन थाले । तर यस्तो कार्यका उल्टो प्रभाव पर्न थाल्यो । उनीहरू जति जनतालाई भियत-मिन्हमा सामेल हुनबाट रोक्थे त्यति नै धेरै जनता उक्त पार्टीको सदस्य हुँदै सङ्गठित हुन थाले ।

क्रान्तिकारीहरूको अब यसरी अप्रत्यासित रूपले बढ्यो कि जतातत्तै विद्रोह नै विद्रोह फैलियो । उता फ्रान्सका जनरल डे गलले विजय पाएपछि फ्रान्स र जापानका बिच स्पष्ट मनमुटाव सुरु भयो । यही परिस्थितिको फाइदा लिँदै क्रान्तिकारीहरूले आफ्ना कार्यक्रमहरू तीव्र र जोडदार बनाउन थाले । हो चि मिन्हले क्रान्तिलाई अझ सशक्त बनाउन नेसनल लिबरेसन आर्मी गठन गर्ने निर्णय गर्दै यसको जिम्मेवारी जियपलाई दिए । सर्वप्रथमा ३४ जना युवाको नेतृत्वमा फाइटिङ फोर्स गठन गरियो । तिनीहरूमध्ये अधिकांश चीनमा तालिम प्राप्त व्यक्तित्व थिए । यो समूहलाई लिवरेसन र प्रोपोगन्डा समूह पनि भनियो । यसको गठन लगत्तै यो समूहले दुई स्थानमा जोडदार विजय प्राप्त गऱ्यो । उता ९ मार्च, १९४५ मा जापानी सेनाले फ्रान्सेली सेनालाई सत्ताच्युत गऱ्यो । कैयौँ फ्रान्सेली नागरिकहरू गिरफ्तार गरिए । १ मार्च, १९४५ मा भियत-मिन्ह पार्टीले फ्रान्सेली जनताविरुद्धको शत्रुता अन्त्य भएको घोषणा गऱ्यो र तिनीहरूलाई शरणार्थीको मान्यता दिने निश्चय पनि गऱ्यो । भियतनामी छापामार योद्धाहरूले कैयौँ फ्रान्सेली कैदीहरूलाई मुक्त गर्न धेरै स्थानमा जापानीविरुद्ध आक्रमण गऱ्यो जापानीहरूले डाई-भियतलाई एक पुतली सरकार गठन गर्न अनुमति दिए । तिनीहरूले भियत-मिन्ह पार्टीका अभियानहरू निस्तेज पार्न एक सैन्यबल गठन पनि गरे । तर अत्याधिक सङ्ख्यामा रहेका भियत-मिन्हले अनेकौँ भयानक हमला र प्रतिकारहरू गर्दै कठपुतली सरकारका सैन्यबलको हतियारहरू जफत गरे । तिनीहरूले भियतनामी जनतालाई सम्बोधन गर्दै नारा दिए, "जापानीहरूलाई अन्न र पैसा बन्द गरौँ ।" भियत-मिन्ह सैन्य संरचना जो ३४ जना युवा, तीनवटा राइफल र एउटा पेस्तोलबाट सुरु भएको थियो, अब शक्तिशाली १०,००० युवा र अनेकौँ हतियारसहित कैयौँ भूमिगत समूहहरूमा फैलिसकेको थियो ।

१५ अगस्ट, १९४५ मा कम्युनिस्ट पार्टीले आफ्नो आधार इलाका टान ट्राभमा सम्मेलन गऱ्यो । उक्त सम्मेलनले झन कडा निर्णयहरू लिइसकेको भोलिपल्ट नै जापानी सेनाले दोस्रो विश्वयुद्धमा पराजित भएको भन्दै आत्मसमर्पण गऱ्यो । सशस्त्र क्रान्तिको लागि भएको कम्युनिस्ट पार्टीको महासम्मेलनले नेसनल लिबरेसन कमिटी निर्वाचित गऱ्यो । जापानी सैन्य पोष्टहरू विनाश गरिए, हनोइमाथि क्रान्तिकारीहरूले नियन्त्रण कायम गरे । २ सेप्टेम्बर, १९४५ का दिन हो चि मिन्हले भियतनाम गणतन्त्रको स्वतन्त्रताको घोषणा गरे । तर, भियतनामले अझै पनि विदेशी प्रभुत्व र साम्राज्यवादका विरुद्ध गर्नुपर्ने सङ्घर्षको लामो

*बाँकी पृष्ठ ७ मा*

# भोटेकोसी बाढीः हिमनदी भत्किएको वैज्ञानिक विश्लेषण – एक अध्ययन

● रघुनाथ प्रजापति, पी.एच.डी. (नेपाल इन्जिनियरिङ कलेज)

**भूकम्प होइन, हिमनदी नै भत्किएको**


२०२६ अगस्ट २६ (भदौ १०, बुधबार) मा नेपाल–चीन सीमा क्षेत्रमा आएको भोटेकोसी बाढीले सुरुमै नेपाली समाजमा ठुलो अन्योल सिर्जना गऱ्यो । किनभने, नेपालमा वर्षौंदेखि देखिँदै आएको मनसुनी वर्षाजन्य बाढीको ढाँचासँग मेल खाँदैनथ्यो । सामान्यतया नेपालमा आउने बाढी लगातार भारी वर्षापछि बिस्तारै बढ्दै गएर आउँछ, जसको पूर्वानुमान गर्न सकिने र केही घण्टा वा दिनको हुन्छ । तर, भोटेकोसीको यो बाढी कुनै दृश्य र पूर्वसूचनाबिना एकैचोटि र अत्यन्त छोटो समयमा तीव्र वेगका साथ आइपुग्यो । यसैले सुरुमा धेरैले यसलाई भूकम्पजन्य पहिरोसँग जोडेर बुझ्ने प्रयास गरे । तर, पछि गरिएको गहिरो वैज्ञानिक अध्ययनले यसको वास्तविक स्वरूप निकै फरक रहेको देखायो ।

अमेरिकी भौगोलिक सर्वेक्षण (United States Geological Survey – USGS) ले घटनापछि गरेको विस्तृत डेटा विश्लेषणले एउटा महत्त्वपूर्ण भ्रम चिरिदियो । सुरुमा धेरैले यसलाई सामान्य भूकम्पका कारण गएको पहिरोसँग जोडेका थिए, तर USGS ले स्पष्ट पारेअनुसार यो विपद्को वास्तविक कारण भूकम्प थिएन, बरु यो 'ग्लेसियर कोल्याप्स' (Glacier Collapse) थियो अर्थात् हिमनदी वा त्यसको कुनै ठुलो अंश आफैँ भत्किएर वा छिन्नभिन्न भएर तल खसेको घटना । यो भेद बुझ्न जरुरी छः भूकम्प भनेको पृथ्वीको भित्री तहमा भएको भ्रंश (fault) हलचलबाट उत्पन्न हुने प्राकृतिक घटना हो, जसको उत्पत्ति भूगर्भमा हुन्छ । तर, हिमनदी भत्किँदा त्यसले उत्पन्न गर्ने ऊर्जाले पनि उस्तै किसिमको कम्पन ल्याउन सक्छ र यही कम्पनलाई सुरुमा भूकम्पसँग गलत रूपमा दाँजिएको थियो । USGS को डेटाले यो कम्पन ५.२ म्याग्निच्युड बराबरको शक्तिशाली रहेको देखायो तर यसको स्रोत भूकम्पीय भ्रंश होइन, हिमनदीको ठुलो पिण्ड भत्किएर उपत्यकाको फेदमा बजारिएको प्रभाव रहेको पुष्टि भयो ।

यस विश्लेषणलाई थप बलियो बनाउने काम युनिभर्सिटी अफ डन्डीका हिमनदी विशेषज्ञ डा. साइमन कुकको आफ्नो टोलीले गरेको अवलोकनको विवरणले गरे । उनीहरूले नेपालतर्फ पर्ने प्रशिद्ध लाङटाङ चुचुरो नजिकैको हिमनदीको तल्लो भाग भत्किएको पहिचान गरेका थिए । यो स्थान बाढी प्रभावित मुख्य क्षेत्रभन्दा करिब १५ किलोमिटर ( करिब ९ माइल) पश्चिमतर्फ पर्छ, जसले यो देखाउँछ कि विपद्को वास्तविक उत्पत्तिस्थल दृश्यरूपमा देखिने प्रत्यक्ष प्रभावित क्षेत्रभन्दा निकै टाढा र माथिल्लो हिमाली भागमा थियो । डा. कुकको टोलीको विश्लेषणअनुसार, यो हिमनदी उत्तर–पश्चिम दिशातर्फ भत्किएर त्यसपछि पश्चिम दिशातिर बग्दै गएको अनुमान गरिएको छ । यसले के सङ्केत गर्छ भने, हिमनदी भत्किने प्रक्रिया एकैचोटि सोझो तल खस्ने मात्र नभई, भौगोलिक बनावटअनुसार दिशा परिवर्तन गर्दै बग्ने जटिल प्रक्रिया पनि हुन सक्छ ।

अन्तरसरकारी वैज्ञानिक संस्था इसिमोड ( International Centre for Integrated Mountain Development – ICIMOD) ले पनि आफ्नो स्वतन्त्र विश्लेषण गरेको छ, जसले USGS र डा. कुकको निष्कर्षलाई थप पुष्टि गर्छ । इसिमोडको विश्लेषणले उच्च हिमाली क्षेत्रबाट हिउँ र चट्टान मिसिएको ठुलो पहिरो, जसलाई प्राविधिक भाषामा 'आइस–रक एभालान्च' (Ice–Rock Avalanche) भनिन्छ, खसेको देखाएको छ । यो एक विशेष प्रकारको हिमपहिरो हो, जसमा शुद्ध हिउँ मात्र नभई हिमनदीभित्र जमेको चट्टान, ढुङ्गा र माटोको ठुलो पिण्ड पनि सँगै खस्छ, जसले यसलाई सामान्य हिउँ पहिरोभन्दा बढी भारी र विनाशकारी बनाउँछ ।

यसरी खसेको हिउँ र चट्टानको विशाल परिमाण भोटेकोसीको सहायक नदी लेन्दे खोलामा गएर मिसियो । यो मिसावटले नदीको सामान्य बहावलाई क्षणभरमै रूपान्तरण गरिदियो र शुद्ध पानीको बहावबाट यो पानी, हिलो र ठुला ढुङ्गा–गिट्टी मिसिएको अत्यन्त घना (viscous) र भारी बहावमा परिणत भयो, जसलाई प्रायः 'डेब्रिज फ्लो' (Debris Flow) भनिन्छ । यस्तो बहाव सामान्य पानीको बाढीभन्दा धेरै गुणा भारी र विनाशकारी हुन्छ किनभने यसमा भएको ठोस पदार्थको मात्राले नै संरचना भत्काउने क्षमता बढाइदिन्छ ।




इसिमोडको तथ्याङ्कले यस घटनाको तीव्रताको भयावहता प्रस्ट्याउँछः तल्लो तटीय क्षेत्रका नदीहरूमा पानीको सतह मात्र ३० मिनेटको छोटो अवधिमा ७ देखि ९ मिटरसम्म बढेको थियो । यो वृद्धिदर साधारण मनसुनी बाढीमा हुने वृद्धिदरभन्दा असाधारण रूपमा तीव्र हो । सामान्यतया नदीको सतह घण्टौँ वा दिनौँको अवधिमा बिस्तारै बढ्छ, तर यहाँ आधा घण्टाभित्रै धेरै मिटर उचाइको वृद्धि भयो । यही अत्यधिक तीव्रगतिका कारण नदीको बहाव मापन गर्ने धेरै स्टेसन (गेजिङ स्टेसन) नै बगाए वा क्षतिग्रस्त भए, जसले घटनापछि सही तथ्याङ्क सङ्कलन गर्न थप कठिन बनायो । यस क्षेत्रको भौगोलिक बनावटले पनि विनाशलाई बढाउने काम गऱ्यो । यो क्षेत्र निकै भिराला पहाडहरूले घेरिएको साँघुरो उपत्यका हो, जहाँ नदीको खोच साँघुरो हुन्छ । बाढीका भिडिओ फुटेजहरूमा देखिएअनुसार ढुङ्गा, हिलो र लेदोसहितको पानी यस्तै साँघुरो खोचबाट अत्यन्त तीव्रगतिमा बगेको देखिन्छ, जसले तल्लो भागका बस्तीहरूलाई बच्ने कुनै समय नै नदिई एकैचोटि ढाकिदियो ।

**उत्तम बाबु श्रेष्ठको गणितीय विश्लेषण**

घटनापछि सामान्य नागरिकको हैसियतले गणितीय विश्लेषण गर्ने प्रयास उत्तम बाबु श्रेष्ठले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको आकलनले पनि उल्लेखनीय चर्चा पाएको छ । उनले आफूलाई 'विज्ञ होइन, अनभिज्ञ' भन्दै आफ्नो गणनालाई नम्र ढङ्गले प्रस्तुत गरेका छन् । श्रेष्ठले दुई फरक स्रोतका समय–चिह्न दाँजेर बाढीको गति निकाल्ने प्रयास गरेका छन् :

- बिहान ०८:३७ नेपाली समयमा लेन्दे नदीको मुहानमाथितिर हिउँ, चट्टान र लेदोसहितको पहिरो गएको USGS को भूकम्प–मापन सेन्सरमा रेकर्ड भएको देखिन्छ ।
- सोही बाढी नेपाल–चीन सीमाको केरुङ (Gyirong) भन्ने ठाउँमा पुग्दा त्यहाँको सीसीटीभी क्यामेराले चिनियाँ समय १०:५९:५३ मा रेकर्ड गरेको छ ।
- चिनियाँ र नेपाली समयबिच २ घण्टा १५ मिनेटको फरक भएकोले, यो घटना नेपाली समयमा ०८:४४ बजे भएको हुन आउँछ ।

यसरी हेर्दा, बाढी उत्पत्तिस्थलदेखि केरुङसम्मको करिब २२ किलोमिटर दूरी पार गर्न जम्मा ७ मिनेट मात्र लाग्यो । यसको गणितीय अर्थ हो, बाढीको गति करिब १८८ किलोमिटर प्रतिघण्टा रहेको हुन्छ । यो सङ्ख्यालाई सन्दर्भमा राख्न, श्रेष्ठले नेपालका सामान्य नदीहरूको औसत गतिसँग तुलना गरेका छन् : सामान्य अवस्थामा नेपाली नदीको बहाव औसतमा करिब १८ किमि प्रतिघण्टा हुन्छ र वर्षात्को उत्कर्ष अवस्थामा (जुन बाढीको स्थिति मानिन्छ) यो ५४ देखि ७२ किमि प्रतिघण्टासम्म पुग्न सक्छ । यसरी हेर्दा, भोटेकोसीको यो बाढी सामान्य वर्षा ती बाढीको उच्चतम गतिभन्दा पनि करिब २.६ देखि ३.५ गुणा बढी तीव्र थियो, जसलाई उनले साइकल र बुलेट ट्रेनको गतिबिचको भिन्नतासँग तुलना गरेका छन् ।

श्रेष्ठले चिनियाँ केरुङदेखि बेत्रावती बजारसम्मको नदीको लम्बाइ नाप्दा करिब १३ किलोमिटर देखेको उल्लेख गरेका छन् । सोही गतिको आधारमा गणना गर्दा बाढी त्यहाँसम्म पुग्न लगभग ४ मिनेट मात्र लाग्ने देखिन्छ । त्यसपछि बेत्रावतीदेखि त्रिशुली बजारसम्मको नदी दूरी करिब ३५ किलोमिटर रहेको उनको नाप छ, जुन दूरी सोही वेगवान् बाढीले करिब ११ मिनेटमै पार गरेको उनको आकलन छ । यसरी उनले स्वीकार गरेका छन् कि यी गणनामा केही मिनेट यताउता हुन सक्छ । तर समग्र गति लगभग यही स्तरको रहेको उनको निष्कर्ष छ ।

विदेशी मिडियामा आएका विवरण र आफ्नै अत्यन्त सामान्य अनुमानका आधारमा, उनले पहिरोको आकार लम्बाइ ६१० मिटर, चौडाइ ३३० मिटर र उचाइ ४० मिटर रहेको मानेका छन् । यो पिण्ड करिब १.५ किलोमिटर उचाइबाट तल खस्दा कति गुरुत्वाकर्षणीय ऊर्जा उत्पन्न हुन्छ भनेर उनले ChatGPT प्रयोग गरी गणना गराएका थिए, जसले करिब ५१ किलो टन टीएनटी बराबरको ऊर्जा देखाएको थियो । त्यस हिसाबमा यो हिरोसिमामा अमेरिकाले खसालेको आणविक बमको ऊर्जाभन्दा करिब ३ गुणा बढी शक्तिशाली हुन आउँछ । उनले यसलाई भूकम्प–मापनसँग पनि तुलना गरेका छन् । भूकम्प–मापन केन्द्रले रेकर्ड गरेको ५.२ रेक्टर स्केलको कम्पन उत्पन्न गर्न वास्तवमा लगभग ९५० देखि १,००० किलोटन टीएनटी बराबरको ऊर्जा चाहिने हुन्छ, जुन उनको प्रारम्भिक आकलनभन्दा धेरै गुणा बढी हो । यसको अर्थ, वास्तविक पहिरोको आकार उनले सुरुमा अनुमान गरेभन्दा निकै ठुलो हुनुपर्ने देखिन्छ ।

श्रेष्ठले आफ्नो सम्पूर्ण विश्लेषणलाई "कल्पना, केही तथ्य र केही अनुमान" भनी वर्णन गरेका छन्, र यसलाई कुनै पियर–रिभ्यू भएको वैज्ञानिक अनुसन्धानको हैसियत नदिई एक सामान्य नागरिकको जिज्ञासापूर्ण प्रयासका रूपमा मात्र प्रस्तुत गरेका छन् । तर, यसैका आधारमा उनले एउटा गम्भीर प्रश्न उठाएका छन्, यस्तो असाधारण स्केल र गतिको विपद्को सामना गर्न, हामीले जस्तोसुकै उन्नत पूर्वानुमान प्रणाली बनाए पनि, त्यो साँच्चै प्रभावकारी हुन सक्ला त ?

**अन्तर्राष्ट्रिय तुलनात्मक घटनाहरू**

यस घटनालाई एक्लो र अनौठो घटनाका रूपमा नहेरी, विज्ञहरूले यसलाई विश्वभरि बढ्दै गएको एउटा ढाँचाको हिस्साका रूपमा हेरेका छन् ।

चमोली, उत्तराखण्ड (भारत), सन् २०२१: यो सबैभन्दा प्रत्यक्ष तुलनीय घटना हो । यहाँ हिमालयन हिमनदीको ठुलो हिस्सा भत्किँदा त्यसबाट बगेको ढुङ्गा, हिलो र पानीको लेदोले करिब २०० जनाको ज्यान लिएको थियो । पछि गरिएको वैज्ञानिक विश्लेषणले उक्त घटनामा उत्पन्न ऊर्जा करिब १५ वटा आणविक बम बराबर रहेको आकलन गरेको थियो, जुन भोटेकोसी घटनासँग तुलना गर्दा दुवैमा हिमनदी जन्य विपद्को अत्यधिक विनाशकारी क्षमता देखाउँछ ।

**नेपालकै अघिल्लो घटना :** डा. कुक र अन्य विज्ञहरूका अनुसार, गत वर्ष पनि यही क्षेत्रमा तिब्बततर्फको एउटा हिमताल फुट्दा बाढी आएको इतिहास छ । यसले के देखाउँछ भने, यो क्षेत्र दोहोरिँदो र बढ्दो जोखिममा रहेको छ र भोटेकोसीको यो घटना एउटा पृथक दुर्घटना नभई निरन्तर बढ्दै गएको प्रवृत्तिको एउटा कडी मात्र हो ।

स्विट्जरल्यान्ड र इटालीः डा. कुकले हालैका वर्षहरूमा युरोपका यी दुई देशमा पनि हिमनदी भत्किँदा उत्पन्न भएका यस्तै प्रकारका बाढी र पहिरोका घटना भएको उल्लेख गरेका छन् । यसले हिमनदी–जन्य विपद् दक्षिण एसियामा मात्र सीमित नभई विश्वका सबै उच्च–हिमाली क्षेत्रमा साझा चुनौती बन्दै गएको सङ्केत गर्छ ।

**जलवायु परिवर्तन र पर्माफ्रोस्टको भूमिका**

डा. साइमन कुकले यस घटनाको मूल कारणलाई अझ गहिरोसँग व्याख्या गर्दै भनेका छन्, पृथ्वी तात्तिँदै जाँदा हिमनदीहरू खुम्चिनु र ठुलो मात्रामा हिउँ पग्लिनु स्वाभाविक प्रक्रिया हो । तर, यसभन्दा पनि महत्त्वपूर्ण कुरा हो पर्माफ्रोस्ट, शताब्दीऔँदेखि जमेको माटो र चट्टानको तहको अवस्था । यो पर्माफ्रोस्टले नै पहाडका भिरालो भागहरूलाई संरचनात्मक रूपमा थामेर राख्ने काम गर्छ, जस्तै भवनको जगले संरचनालाई थामे झैँ । तर तापक्रम वृद्धिसँगै यो पर्माफ्रोस्ट पग्लिँदै र कमजोर हुँदै गइरहेको छ ।

डा. कुकका अनुसार, यसैको परिणामस्वरूप पहिरो जाने, ढुङ्गा हिलोको लेदो बग्ने, हिमनदीको पानी बढ्ने, हिमताल फुट्ने र हिमनदी भत्किने जस्ता घटनाहरू भविष्यमा अझ बढ्नेछन्, किनभने जलवायु परिवर्तनका कारण अन्ततः यी उच्च हिमाली क्षेत्रहरूको समग्र वातावरणीय सन्तुलन नै बिग्रिरहेको छ । यो केवल एउटा तत्कालीन समस्या नभई, दीर्घकालीन संरचनात्मक परिवर्तनको सङ्केत हो ।

यस वर्षको सुरुमै सार्वजनिक भएको इसिमोडको विश्लेषण प्रतिवेदनले यस चिन्तालाई तथ्याङ्कीय रूपमा पुष्टि गर्छ । सो प्रतिवेदनअनुसार, हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीहरूले सन् २००० को तुलनामा हाल दोब्बर दरमा हिउँ गुमाइरहेका छन् । यो दर पहिलेको तुलनामा दोब्बर हुनुको अर्थ हो, यही गतिमा क्षय जारी रहेमा आगामी दशकहरूमा यस्ता विपद्को आवृत्ति र तीव्रता दुवै बढ्ने सम्भावना छ ।

इसिमोडकै विशेषज्ञ मोहम्मद फारुक आजमले यस अवस्थालाई अझ स्पष्ट शब्दमा व्यक्त गर्दै भनेका छन्, क्रायोस्फियर (पृथ्वीको हिउँ र बरफले ढाकिएको भाग) मा बढ्दै गएको जोखिमको दर पहिलेभन्दा निकै स्पष्ट रूपमा देखिन थालेको छ र परिवर्तनको गति यति तीव्र छ कि यसलाई रोक्न वा सामना गर्न गरिएका वर्तमान प्रयासहरू अपर्याप्त साबित भइरहेका छन् ।

डा. कुकले वैज्ञानिक इमानदारीका साथ एउटा महत्त्वपूर्ण सीमा पनि स्वीकारेका छन्, कुनै पनि एकल घटना पूर्णतः जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम हो भनी ठोकुवा गरेर भन्न वैज्ञानिक दृष्टिकोणले सधैँ सम्भव हुँदैन, किनभने प्राकृतिक प्रणालीमा धेरै variables संलग्न हुन्छन् । तर उनको तर्क छ । यस्ता घटनाहरूको समग्र प्रकृति र बढ्दो शृङ्खलालाई हेर्दा, यसमा जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव रहेको बुझ्न सकिन्छ । अर्थात्, एउटा घटनालाई प्रमाण मान्न नसके पनि, धेरै घटनाको ढाँचाले प्रवृत्ति देखाउँछ ।

**निष्कर्ष :**

भोटेकोसी बाढीले धेरै तहमा महत्त्वपूर्ण पाठ सिकाएको छ । पहिलो, विपद्को कारण पहिचान गर्ने प्रक्रियामा प्रारम्भिक अनुमान ( भूकम्प) र पछिको वैज्ञानिक पुष्टि (ग्लेसियर कोल्याप्स) बिच फरक पर्न सक्छ भन्ने देखियो, जसले द्रुत तर सही सूचना प्रवाहको महत्त्व झल्काउँछ । दोस्रो, USGS, डा. साइमन कुकको फिल्ड अवलोकन र इसिमोडको विश्लेषण, यी तीनवटै स्वतन्त्र स्रोतले एकअर्कालाई समर्थन गर्ने निष्कर्षमा पुगेकाले, यो घटना कुनै एकल स्रोतको दाबी नभई बहु–स्रोतबाट पुष्टि भएको वैज्ञानिक तथ्य हो । तेस्रो, उत्तम बाबु श्रेष्ठको सामान्य गणितीय जिज्ञासाले पनि घटनाको भयावहता बुझ्न सार्वजनिक तहमा सहयोग पुऱ्याएको छ र यसले प्रश्न उठाएको छ कि हाम्रा पूर्वानुमान प्रणालीहरू यस्तो असाधारण गतिको विपद्को सामना गर्न तयार छन् वा छैनन्।

अन्ततः, सबैभन्दा महत्त्वपूर्ण र चिन्ताजनक निष्कर्ष यही हो कि यो घटना पृथक दुर्घटना नभई, हिमालय क्षेत्रमा तीव्रगतिमा भइरहेको जलवायु परिवर्तनजन्य संरचनात्मक परिवर्तनको एउटा प्रत्यक्ष अभिव्यक्ति हो । चमोली (२०२१), स्विट्जरल्यान्ड, इटाली र नेपालकै गत वर्षको घटनासहित हेर्दा, यो एउटा बढ्दो विश्वव्यापी प्रवृत्तिको हिस्सा हो, जसलाई सामना गर्न केवल तत्कालीन उद्धार क्षमता, बरु दीर्घकालीन पूर्वानुमान प्रणाली र जलवायु अनुकूलन नीतिमा समेत गम्भीर पुनर्विचार आवश्यक देखिन्छ ।

**सन्दर्भ सूची (References)**

१. USGS -United States Geological Survey– Seismic sensor data analysis; scientific confirmation of the glacier collapse and the recorded tremor equivalent to magnitude 5.2
२. Dr. Simon Cook, Glaciologist, University of Dundee –Interview with BBC; field–based identification and analysis of the collapsed Langtang Lirung glacier
३. ICIMOD (International Centre for Integrated Mountain Development) – Analysis of the ice–rock avalanche, river water–level rise data (7–9 metres in minutes) and the Hindu Kush Himalaya glacier melt report
४. Mohammad Fahad Azam, ICIMOD – Statement on cryosphere risk analysis
५. Uttam Babu Shrestha – Independent mathematical/physical analysis published on social media (speed and energy estimation)
६. BBC Nepali Service –Publication of the interview with Dr. Simon Cook and event analysis
७. 2021 Chamoli Disaster, Uttarakhand (India) – Comparative historical reference



भारी वर्षाका कारण आसामको राजधानी गुवाहाटी सहर बाढीका कारण जलमग्न भएपछि रबरको डुङ्गा प्रयोग गरी बाढी पीडितको उद्धार गर्दै उद्धारकर्मीहरू सेप्टेम्बर १, २०२६ को दिन ।

*तस्बिर : बिजु बोरो/एएफपी*

# चीनको 'पालास–१' रकेटको पहिलो उडान सफल

जिउछ्वान,१६ भदौ (सिन्हवा) । चीनले 'पालास–१ वाई–१' नामक रकेटको पहिलो परीक्षण उडान सफलतापूर्वक सम्पन्न गरेको छ ।

चीनको उत्तरपश्चिमी क्षेत्रमा रहेको दोङफेङ व्यावसायिक अन्तरिक्ष नवप्रवर्तन परीक्षण क्षेत्रमा मङ्गलबार बिहान १० बजे (बेइजिङ समय) रकेट प्रक्षेपण गरिएको थियो । प्रक्षेपणपछि रकेटले अपेक्षाअनुसार काम गर्दै आफ्नो पेलोडलाई निर्धारित कक्षमा सफलतापूर्वक पुऱ्याएको थियो ।

परीक्षणका क्रममा निर्धारित सबै उद्देश्य पूरा भएको र सम्पूर्ण अभियान सफल भएको चिनियाँ समाचार संस्था सिन्हवाले जनाएको छ । यो उडान 'पालास–१' रकेटको पहिलो उडान हो ।

'पालास–१' मध्यम आकारको दुई चरणमा आधारित तरल इन्धनयुक्त रकेट हो । यसलाई चिनियाँ निजी अन्तरिक्ष कम्पनी ग्यालेक्टिक इनर्जीले आफ्नै प्रविधिको प्रयोग गरी विकास गरेको हो ।

रकेटको लम्बाइ करिब ५२ मिटर र मुख्य भागको व्यास ३.३५ मिटर रहेको छ । यसको प्रक्षेपण समयको कुल तौल करिब २८३ टन र प्रक्षेपण क्षमता करिब ३५० टन बराबरको रहेको कम्पनीले जनाएको छ । यसले न्यून पृथ्वी कक्ष ( लो अर्थ अर्बिट) मा ५ देखि ७ टनसम्मको पेलोड पुऱ्याउन सक्ने क्षमता राख्छ ।

ग्यालेक्टिक इनर्जीका एक अधिकारीका अनुसार, 'पालास–१' व्यावसायिक उपग्रहका ग्राहकलाई प्रभावकारी र तुलनात्मक रूपमा कम लागतमा अन्तरिक्षमा पेलोड पुऱ्याउने सेवा उपलब्ध गराउने उद्देश्यले विकास गरिएको हो । कम्पनीले यसलाई ग्राहकका लागि सुविधाजनक "अन्तरिक्ष एक्सप्रेस" का रूपमा प्रस्तुत गरेको छ ।

रकेटको मुख्य प्रणोदन प्रणालीमा कम्पनीले आफ्नै प्रविधिबाट विकास गरेको 'सीक्यू–५०' तरल अक्सिजन–केरोसिन इन्जिन प्रयोग गरिएको छ । पहिलो चरणमा यस्ता सातवटा इन्जिन समानान्तर रूपमा जडान गरिएका छन् ।

कम्पनीका अनुसार, इन्जिनको यो संरचना भविष्यमा रकेटलाई पुन: प्रयोग गर्न सकिने प्रविधिको आवश्यकतालाई ध्यानमा राखेर तयार गरिएको हो । साथै, एउटा इन्जिनमा समस्या आए पनि समग्र प्रणालीको सञ्चालनमा प्रभाव कम पर्ने गरी अतिरिक्त सुरक्षा क्षमता राखिएको छ ।

परीक्षणका क्रममा इन्जिनले आफ्नो निर्धारित क्षमताको ३२ प्रतिशतदेखि १०५ प्रतिशतसम्मको थ्रस्टमा काम गर्न सक्ने देखिएको कम्पनीले जनाएको छ ।

'पालास–१' मा संरचना र प्रणोदन प्रणालीलाई एकीकृत रूपमा डिजाइन गरिएको छ । यसका साथै दुई प्रकारका इन्धन प्रयोग गर्ने सहायक प्रणोदन प्रणाली तथा रकेटमा पर्ने वायुगतिकीय भार कम गर्ने प्रविधि पनि समावेश गरिएको कम्पनीले जनाएको छ ।

आवश्यकताअनुसार रकेटमा 'ईआरओएस–२' माथिल्लो चरणसमेत जडान गर्न सकिने व्यवस्था गरिएको छ । यसले विभिन्न प्रकारका अन्तरिक्ष अभियान तथा व्यावसायिक पेलोड प्रक्षेपणका लागि रकेटको उपयोगिता थप विस्तार गर्न सकिने कम्पनीले भनाइ छ ।

'पालास–१' को सफल पहिलो उडानले चीनको व्यावसायिक अन्तरिक्ष क्षेत्रमा नयाँ रकेट प्रविधिको परीक्षण तथा विकासमा थप प्रगति भएको सङ्केत गरेको छ ।

# अमेरिका–इरानबिच तनाव बढ्दा लगानीकर्ता चिन्तित, सेयर बजारमा गिरावट

न्युयोर्क, १६ भदौ (सिन्हवा) । मध्यपूर्वमा पुन: बढेको सैन्य तनावसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेपछि अमेरिकी सेयर बजारमा गिरावट आएको छ । इरानी लक्ष्यमा अमेरिकाले गरेको पछिल्लो सैन्य कारबाहीले लगानीकर्तामाझ भूराजनीतिक जोखिम र ब्याजदर वृद्धिको चिन्ता थप बढाएको हो ।

सोमबारको कारोबारमा डाउ जोन्स औद्योगिक औसत ३७४.०९ अङ्क अर्थात् ०.७ प्रतिशतले घटेर ५३ हजार१८५.९ अङ्कमा बन्द भयो । त्यस्तै, एस एन्ड पी ५०० २५.६२ अङ्क अर्थात् ०.३३ प्रतिशतले घटेर ७हजार६८६.१४ अङ्कमा पुग्यो । नास्डाक समग्र सूचक पनि ३१.५३ अङ्क अर्थात् ०.१२ प्रतिशतले घटेर २६ हजार३७०.८९ अङ्कमा झरेको छ ।

एसएन्डपी ५०० अन्तर्गतका ११ प्रमुख क्षेत्रमध्ये नौ क्षेत्रमा गिरावट देखिएको छ । सञ्चार सेवा क्षेत्र १.६३ प्रतिशत र उपयोगिता सेवा क्षेत्र १.१८ प्रतिशतले घटेका छन् । यता, ऊर्जा क्षेत्र २.१ प्रतिशत र प्रविधि क्षेत्र ०.३ प्रतिशतले बढेका छन् ।

अमेरिकाले इरानका रकेट प्रक्षेपणस्थललाई लक्षित गरी सैन्य कारबाही गरेपछि अमेरिका र इरानबिचको तनाव पुन: चर्किएको हो । स्ट्रेट अफ हर्मुजमा नौसैनिक बारुदी सुरुङ बिछ्याउने धम्कीपछि अमेरिकाले उक्त कारबाही गरेको बताइएको छ । केही सातायता दुई देशबिच भएको यो पहिलो प्रत्यक्ष सैन्य कारबाही भएको जनाइएको छ ।

सैन्य तनाव बढेसँगै अन्तर्राष्ट्रिय ऊर्जा बजारमा पनि प्रभाव परेको छ । वेस्ट टेक्सस इन्टरमिडिएट कच्चा तेलको अक्टोबर आपूर्ति मूल्य २.३६ अमेरिकी डलर अर्थात् २.८३ प्रतिशतले बढेर प्रतिब्यारेल ८५.७६ डलर पुगेको छ । त्यस्तै, ब्रेन्ट कच्चा तेलको नोभेम्बर आपूर्ति मूल्य २.३९ डलर अर्थात् २.७१ प्रतिशतले बढेर प्रतिब्यारेल ९०.४९ डलर पुगेको छ ।

यसबिच, अमेरिकी केन्द्रीय बैंकको ब्याजदर नीतिलाई लिएर लगानीकर्ताको चिन्ता पनि कायमै छ । अमेरिकी केन्द्रीय बैंकका अध्यक्ष केभिन वार्शले ज्याक्सन होल आर्थिक नीति गोष्ठीमा शुक्रबार दिएको कडा नीतिको सङ्केतपछि आगामी सेप्टेम्बर बैठकमा ब्याजदर ०.२५ प्रतिशत बिन्दुले बढ्ने सम्भावनाबारे बजारको अपेक्षा ६२ प्रतिशत पुगेको छ । एक साताअघि यस्तो सम्भावना करिब ४० प्रतिशतमात्र थियो ।

ठूला प्रविधि कम्पनीका सेयरमा भने मिश्रित प्रदर्शन देखिएको छ । चिप निर्माता एनभिडियाको सेयर १.४८ प्रतिशतले बढेको छ भने टेस्लाको सेयर ५.५१ प्रतिशतले उकालो लागेको छ ।

यता, अमेजनको सेयर २.५ प्रतिशतले घटेको छ । अमेरिकी सङ्घीय व्यापार आयोग र २२ राज्यले डिजिटल विज्ञापनको लिलामी मूल्य निर्धारणमा अनुचित अभ्यास गरेको आरोप लगाउँदै अमेजनविरुद्ध संयुक्त मुद्दा दायर गरेपछि कम्पनीको सेयर दबाबमा परेको हो ।

एप्पलको सेयर पनि करिब १ प्रतिशतले घटेको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत टिम कुकले निर्धारित अवकाशअघि सोमबार आफ्नो अन्तिम कार्यदिवस पूरा गरेका छन् ।

अमेरिकी कम्पनीहरूको दोस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक हुने क्रम अन्तिम चरणमा पुगेपछि लगानीकर्ताको ध्यान अब शुक्रबार सार्वजनिक हुने अगस्ट महिनाको गैरकृषि रोजगारी प्रतिवेदनतर्फ केन्द्रित भएको छ । उक्त प्रतिवेदनले अमेरिकी अर्थतन्त्रको अवस्था र आगामी ब्याजदर नीतिबारे थप स्पष्ट सङ्केत दिने अपेक्षा गरिएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिका–भेनेजुयला तेल सम्झौताको विस्तृत विवरण सार्वजनिक

न्युयोर्क, १६ भदौ (सिन्हवा) । अमेरिकी सरकारले भेनेजुएलासँग भएको तेलसम्बन्धी सम्झौताको विस्तृत विवरण सार्वजनिक गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौताको घोषणा गरेपछि ह्वाइट हाउसले सोमबार तथ्यपत्रमार्फत सम्झौताका प्रमुख प्रावधानहरू सार्वजनिक गरेको हो ।

सम्झौताअनुसार भेनेजुएलाका अन्तरिम अधिकारीहरूले उत्तर अमेरिकी निजी ऊर्जा कम्पनीलाई १७ वटा तेल क्षेत्रमा १०० वर्षका लागि उत्खनन तथा सञ्चालनको अधिकार प्रदान गरेका छन् । ती क्षेत्रमा करिब ६५ अर्ब ब्यारेल प्रमाणित तेल भण्डार रहेको उल्लेख गरिएको छ ।

सम्झौताको प्रावधानअनुसार उक्त कम्पनीले आफ्नो मूल कम्पनीमा अमेरिकी युद्ध विभागअन्तर्गतको रणनीतिक पुँजी कार्यालयलाई ३५ प्रतिशत स्वामित्व हिस्सा प्रदान गरेको छ । त्यस्तै, हाल सञ्चालनमा रहेका तथा भविष्यमा सञ्चालनमा आउने सबै तेल क्षेत्रबाट उत्पादित तेलमध्ये २० प्रतिशत उत्पादन लागतमा खरिद गर्ने अधिकार अमेरिकी विदेश मन्त्रालयलाई दिइएको छ । बाँकी ८० प्रतिशत तेल खरिदका लागि पनि अमेरिकी सरकारलाई पहिलो प्राथमिकताको अधिकार प्रदान गरिएको छ ।

तथ्यपत्रमा उल्लेख भएअनुसार उक्त कम्पनीको सञ्चालक समितिमा नियुक्त हुने सदस्यका सम्बन्धमा अमेरिकी सरकारले रोक लगाउन सक्ने अधिकार राख्नेछ । साथै, सञ्चालक समितिका अधिकांश सदस्य अमेरिकी नागरिक हुनुपर्ने व्यवस्था गरिएको छ । सम्झौता अमेरिकी कानुनअनुसार कार्यान्वयन हुने तथा यससँग सम्बन्धित विवाद अमेरिकी अदालतको अधिकारक्षेत्रमा रहने जनाइएको छ ।

अमेरिकी सरकारले सम्झौताअन्तर्गत भेनेजुएलामा उत्पादन हुने लाखौँ ब्यारेल नयाँ तेल अमेरिकी तेल प्रशोधन केन्द्रमा प्रशोधन गरिने र अमेरिकी तेल उत्खनन उपकरण तथा पूर्वाधारको प्रयोगमार्फत ढुवानी गरिने जनाएको छ ।

अमेरिकी सरकारका अनुसार उक्त सम्झौता अमेरिकी करदातामाथि कुनै अतिरिक्त आर्थिक भार नपर्ने गरी कार्यान्वयन हुनेछ । अमेरिकाको इरानविरुद्ध जारी सैन्य कारबाहीका बिच अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा उल्लेख्य वृद्धि भएको छ । पछिल्लो समय ब्रेन्ट कच्चा तेलको मूल्य करिब २८ प्रतिशतले वृद्धि भएको जनाइएको छ ।

# अमेरिकी आर्थिक कारबाहीमा ईयूको समर्थनप्रति इरानको निन्दा

तेहरान, सेप्टेम्बर १६ (सिन्हवा) । इरानविरुद्ध अमेरिकाले जारी गरेको आर्थिक कारबाहीमा (युरोपियन युनियन) ईयूको समर्थनप्रति निन्दा गर्दै इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले युरोपले अब रणनीतिक स्वायत्तता दाबी गर्न नसक्ने बताउनुभएको छ ।

संयुक्त राज्य अमेरिकामा आयोजित जी–२० अर्थमन्त्रीहरू र सेन्ट्रल बैङ्कका गभर्नरहरूको बैठकमा सोमबार जारी गरिएको ईयू वक्तव्यको जवाफमा सामाजिक सञ्जाल एक्समार्फत बाघाईले यस्तो टिप्पणी गर्नुभएको हो ।

युरोपियन युनियनले इरानले आफ्ना गतिविधिहरू रोकी र विश्वासका साथ शान्ति वार्तामा संलग्नता सुनिश्चित गर्नुपर्ने अमेरिकी दबाबलाई स्वागत गरेको छ । यसरी वासिङ्टनको एक पक्षीय आदेश कार्यान्वयन गर्दा युरोपले आगामी दिनमा रणनीतिक स्वायत्तताको विषयमा बहस गर्न नसक्ने बाघाईले बताउनुभएको छ ।

युरोपियन युनियनले हर्मुजको जलमार्गमा क्षेत्रीय स्थिरता र आवागमन स्वतन्त्रताको सुनिश्चित गर्न इरानसँग कूटनीतिक प्रयास जारी राख्न आह्वान गर्दै थप उपायहरूका लागि संयुक्त राज्य अमेरिका र अन्य साझेदारहरूसँग तेहरानमा दबाब कायम राख्न तयार रहेको बताएको छ । गत अगस्त–१९ मा, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग आर्थिक कारोबार गर्ने देशहरूले आर्थिक दबाव सामना गर्नुपर्ने चेतावनी दिँदै इरानलगायत इरानसँग कारोबार गर्ने देशविरुद्ध क्रूर आर्थिक कारबाहीको घोषणा गरेका थिए ।

# कोलम्बियामा भएको आक्रमणमा २० जनाको मृत्यु

बोगोटा (कोलम्बिया), १६ भदौ (एएफपी) । कोलम्बियाको विद्रोही नियन्त्रित क्षेत्रमा नवगठित सरकारको आदेशपछि भएको बम आक्रमणमा कोलम्बियामा २० जना छापामारहरूको मृत्यु भएको कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले बताउनुभएको छ । उहाँले आक्रमणमा २० जना नार्को–आतङ्ककारीहरूको मृत्यु भएको पुष्टि गर्दै पाँच जनालाई पक्राउ गरेको तथा दुई जना नाबालिकालाई उद्धार गरेको सामाजिक सञ्जाल एक्समार्फत जनाउनुभएको हो ।

दक्षिणी कोलम्बियाको ग्वाभियरेमा सोमबार भएको उक्त अपरेसन इभान मोर्डिस्को भनेर चिनिने कोलम्बियाको 'मोस्ट वान्टेड' विद्रोहीको कमाण्डमा रहेका गुरिल्लाहरू विरुद्धको अपरेसन भएको जनाइएको छ ।

उहाँले लागुऔषध तस्करी, अवैध खनन र जबरजस्ती असुलीबाट वित्त पोषित सशस्त्र समूहहरूविरुद्ध चलाएको सैन्य कारबाहीको क्रममा उनीहरूको मृत्यु भएको बताउनुभएको छ । यो आक्रमण अगस्तको सुरुमा भएका गुरिल्लाहरूविरुद्ध दुई घातक हवाई आक्रमणहरू पछिको आक्रमण हो ।

मोर्डिस्को सेन्ट्रल जनरल स्टाफ (इएमसी) विद्रोही समूहका नेता हुन्, जुन दक्षिण अमेरिकी राष्ट्र कोलम्बियामा सबैभन्दा ठूलो गैरकानुनी सशस्त्र समूहहरूमध्ये एक हो । जसले पछिल्लो दशकमा खराब हिंसाको सामना गरिरहेको छ ।

सन् २०१६ को शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि इएमसी अहिले निष्क्रिय रहेको रिभोलुसनरी आर्मड फोर्सेज अफ कोलम्बिया (एफएआरसी) बाट अलग भएको जनाइएको छ ।

फरेन्सिक अधिकारीलगायतका स्रोतहरूले गत हप्ता हवाई आक्रमणमा मारिएकामध्ये चार जना नाबालिग रहेको बताएका छन् ।

# रोजगारीले रसुवा पुऱ्यायो, भोटेकोसीले घर फर्कन दिएन

● बसन्त भण्डारी

हेटौँडा, १६ भदौ । 'भरे कुरा गरौँला ।' गत बुधबार बिहान करिब ६:०० बजे रसुवाबाट श्रीमती रविनासँग फोनमा कुरा गर्दा सविन रानामगरले यति भनेर फोन राख्नुभएको थियो । काम सुरु हुन लागेको थियो । यता रविना पाँच वर्षीया छोरीलाई विद्यालय पठाउने तयारीमा हुनुहुन्थ्यो ।

त्यसको केही समयपछि रसुवाको भोटेकोसीमा भीषण बाढी आयो । बाढीको खबर पाएपछि रविनाले श्रीमान्‌लाई फोन गर्नुभयो । फोन उठेन । पटकपटक प्रयास गर्दा पनि सम्पर्क हुन सकेन । बिहान 'भरे कुरा गरौँला' भनेर छुट्टिएको त्यो संवाद नै उहाँहरूबिचको अन्तिम बन्न पुग्यो ।

मकवानपुरको भीमफेदी गाउँपालिका-२ का सविन विगत चार वर्षदेखि रसुवाको जलविद्युत् आयोजनामा सवारी चालकका रूपमा कार्यरत हुनुहुन्थ्यो । एक महिनाको बिदा लिएर घर आउनुभएका उहाँ केही दिनमै कम्पनीले बोलाएको भन्दै भदौ ७ गते आइतबार काममा फर्किनुभएको थियो ।

सविनकी ठुलीआमा नानीमाया रानाका अनुसार आइतबार घरबाट हिँड्नुभएका उहाँ काठमाडौँ बसेर मङ्गलबार मात्रै रसुवा पुग्नुभएको थियो । बुधबारदेखि काम सुरु भएको थियो । उहाँले भन्नुभयो, "घर आउँदा एक महिनाका लागि बिदा लिएर आएको भन्थ्यो । पाँच/छ दिन हुनेबित्तिकै कम्पनीले बोलायो भनेर काममा फर्किएको थियो । मङ्गलबार मात्रै रसुवा पुगेको थियो रे । त्यही बाढी आउने दिनबाट काम सुरु भएको थियो रे । एकैछिनमा सबै सकियो ।"

सम्पर्क टुटेपछि परिवार सुरुका दुई दिन कुनै सुखद खबर आउने आशामा बस्यो । त्यसपछि सविनको खोजीमा आफन्त अस्पताल र शव राखिएका स्थानसम्म पुग्न थाले । अन्ततः सोमबार नवलपरासीमा फेला परेको एउटा शवसँग परिवारको खोजी टुङ्गियो । शवको अवस्था बिग्रिएकाले अनुहारबाट पहिचान गर्न कठिन थियो । परिवारका लागि सविनलाई चिनाउने आधार बन्यो उहाँको बायाँ हातमा रहेको ट्याटु ।

भीमफेदी गाउँपालिका-२ का वडाध्यक्ष काशीराम बज्युले हातमा रहेको ट्याटुका आधारमा परिवारले सविनको शव पहिचान गरेको जानकारी दिनुभयो । सविनका बुबा १४-१५ वर्षदेखि वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा हुनुहुन्छ । परिवारमा आमा, भाइ, श्रीमती रविना र पाँच वर्षीया छोरी छन् ।

सविनको परिवार फोन आउने आशामा बसिरहँदा हेटौँडा उपमहानगरपालिका-५ ढुङ्गेधारामा अर्को परिवार पनि उस्तै बेचैनीमा थियो । दुई वर्षदेखि चिलिमे जलविद्युत् आयोजनामा टिपर चालकका रूपमा कार्यरत उद्धव खड्काले पत्नी निरू र छोरी निमिसालाई पनि आफूसँगै रसुवा लैजानुभएको थियो । छोरीलाई विद्यालय जान सहज होस् भनेर विद्यालय नजिकै कोठा भाडामा लिएर परिवारलाई राख्नुभएको थियो ।

भदौ १० गते बिहान भोटेकोसीको बाढीका दृश्य सामाजिक सञ्जालमा फैलिन थालेपछि हेटौँडामा रहेका उद्धवका आफन्तले फोन गर्न थाले । उद्धवको फोन लागेन । पत्नी निरूको नम्बरमा पनि सम्पर्क हुन सकेन । केही समयका लागि तीनै जना बेखबर भए । भदौ ११ गते हेटौँडा उपमहानगरपालिकाको टोली उहाँहरूसहित सम्पर्कविहीन नागरिकको खोजीका लागि रसुवातर्फ निस्कियो ।

सडक अवरुद्ध भएकाले टोली काठमाडौँमै रोकियो । काठमाडौँका विभिन्न अस्पतालमा खोजी गर्दा उहाँहरूबारे जानकारी नभेटिएपछि भदौ १२ गते टोली नुवाकोट पुग्यो । त्यहाँ नेपाल प्रहरीले हेलिकप्टरमार्फत उद्धार गरेकाहरूको सूचीमा दुई नाम भेटिए । निरू खड्का र निमिसा खड्का । आमा-छोरी जीवित हुनुहुन्थ्यो । उहाँहरूको उद्धारपछि हेटौँडा ल्याउने व्यवस्था मिलाइयो । निरू र निमिसा जीवित भेटिएपछि उद्धव पनि कतै उद्धार भएर सुरक्षित स्थानमा हुनुहोला भन्ने परिवारको आशा थपिएको थियो तर उद्धवको नाम कुनै उद्धार सूचीमा भेटिएन । परिवारका सदस्य अस्पतालदेखि सम्भावित स्थानसम्म खोज्दै हिँडे । अन्ततः भदौ १२ गते नवलपरासीमा उहाँको शव फेला पऱ्यो ।

हेटौँडा-५ का वडाध्यक्ष सुशील घिमिरेका अनुसार कामको व्यस्तताका कारण उद्धव सातामा एक दिनजति मात्रै परिवारसँग बस्न कोठामा आउने गर्नुहुन्थ्यो । बाढी आउँदा उहाँ काममा हुनुहुन्थ्यो । कोठामा रहेका निरू र निमिसाले भने बाढी आएको थाहा पाएपछि अरूसँगै भागेर ज्यान जोगाउनुभएको थियो । वडाध्यक्ष घिमिरेले भन्नुभयो, "उद्धव शनिबार कोठामा आएर आइतबार काममा गएका रहेछन् । छोरीलाई स्कूल पठाउन सहज होस् भनेर स्कूल नजिकै कोठा भाडामा लिएर परिवारलाई राखेका रहेछन् । त्यो दिन बिहान एक्कासि बाढी आयो । श्रीमती र छोरी भने कोठामै भएकाले भागेर ज्यान जोगाउन सफल भएछन् ।" निरू र निमिसा जीवितै हेटौँडा फर्किनुभयो । उद्धव भने फर्किनुभएन ।

सविन चार वर्षदेखि र उद्धव दुई वर्षदेखि रसुवामा काम गरिरहनुभएको थियो । हेटौँडा उपमहानगरपालिका-१५ भोर्लेका २६ वर्षीय सुमन गोलेलाई भने राम्रो आम्दानीको आशाले दुई महिनाअघि मात्रै रसुवा पुऱ्याएको थियो । त्यसअघि हेटौँडा-१५ मा रहेको रिद्धिसिद्धि सिमेन्ट उद्योगमा अपरेटरका रूपमा कार्यरत सुमन रसुवामा हाइड्रोपावरको स्काभेटर चालकका रूपमा काम गर्नुहुन्थ्यो ।

बाढी आएको बिहान उहाँ रातिको काम सकेर फर्किनुभएको थियो । बिहान करिब ६:०० बजे श्रीमती रेविकासँग फोनमा कुरा गर्नुभयो । रातभर काम गरेकाले निद्रा लागेको र अहिले सुत्ने तथा दिउँसो फेरि फोन गर्ने बताउनुभएको थियो । सुमनकी छिमेकी निर्मला घलानका अनुसार त्यो फोनपछि श्रीमतीसँग उहाँको फेरि कुरा हुन पाएन । उहाँले भन्नुभयो, "राम्रो तलब हुन्छ भनेर दुई महिनाअघि मात्रै उता काममा गएको थियो । नाइट ड्युटी सकेर बिहान श्रीमतीसँग कुरा गरेको रहेछ । रातभरिको निद्रा छ, अहिले सुत्छु, दिउँसो फोन गरौँला भनेको थियो रे । बिहानै बाढीले बगाएछ ।"

बाढीको खबर पाएपछि परिवारले सुमनलाई पटकपटक फोन गरेको थियो । सम्पर्क हुन सकेन । निर्मलाका अनुसार सुमनका साथीहरूबाट परिवारले पाएको जानकारीमा बाढी आउँदा उहाँ सुतिरहनुभएको थियो । साथीहरूले उठेर भाग्न आग्रह गरे पनि समयमै बाहिर निस्कन नसकेको जानकारी परिवारले पाएको उहाँले बताउनुभयो । परिवारको प्रतीक्षा अन्ततः सुखद रहेन । सुमनको शव पनि नवलपरासीमा फेला पऱ्यो । उहाँको परिवारमा श्रीमती, चार वर्षीय छोरा र भाइ छन् ।

सविन, उद्धव र सुमनका घर फरक थिए । रसुवा पुगेको समय फरक थियो । जिम्मेवारी पनि फरक थिए । तर, तीनै जनालाई घरबाट टाढा पुऱ्याउने कारण एउटै थियो - रोजगारी । त्यही रोजगारीले तीनै जनालाई रसुवाका जलविद्युत् आयोजनासँग जोडेको थियो । बाढी आउनुअघिसम्म तीनै जनाको परिवारसँग सम्पर्क थियो । सविनले श्रीमतीलाई 'भरे कुरा गरौँला' भन्नुभएको थियो । सुमनले रातिको कामपछि अहिले सुत्ने र दिउँसो फोन गर्ने बताउनुभएको थियो । उद्धवको पनि परिवारसँग अघिल्लो दिनसम्म कुराकानी भइरहेको थियो । त्यसपछि फोनहरू लाग्न छाडे ।

परिवारले सुरुमा फोनको प्रतीक्षा गरे । त्यसपछि उद्धार गरिएकाहरूको सूचीमा नाम खोजे । अस्पताल पुगे । शव राखिएका स्थानसम्म आफ्ना मान्छेको खोजी गर्दै हिँडे । उद्धवको परिवारले निरू र निमिसालाई जीवित भेटेपछि उहाँ पनि फर्किने आशा राखेको थियो । सविनको परिवारले भने अन्ततः अनुहारबाट समेत चिन्न नसकिएको शवलाई हातको ट्याटुबाट पहिचान गर्नुपऱ्यो ।

रोजगारीका लागि घर छाड्दा तीनै जनासँग घर फर्किने योजना थियो । सविन केही दिनअघि मात्रै बिदा छोट्याएर काममा फर्किनुभएको थियो । सुमन दुई महिनाअघि राम्रो कमाइको आशामा रसुवा पुग्नुभएको थियो । उद्धवले पत्नी र छोरीलाई समेत आफूसँग राखेर त्यहीँ परिवारको भविष्य बनाउने प्रयास गर्नुभएको थियो । भोटेकोसीको एक बिहानले ती योजना अधुरै छाडिदियो । फेरि फोन गर्ने भनेर छुट्टिनुभएका सविन र सुमनको फोन आएन । उद्धवलाई पर्खिरहेकी पत्नी र छोरी आफैँ बाढीबाट जोगिएर फर्किनुभयो, उहाँ फर्किनुभएन । रोजगारीका लागि घरबाट निस्किएका तीनै जनाको खोजी अन्ततः घर फर्किने बाटोमा होइन, शव पहिचान गर्ने ठाउँमा पुगेर टुङ्गियो । ***रासस***

---

**हो...**

मार्ग थियो । दोस्रो विश्वयुद्धमा जापानलाई पराजित गर्न महत्त्वपूर्ण भूमिका खेलेका ब्रिटेन र चीनले जापानी सैन्यहरूलाई हतियारविहिन गर्ने भन्ने बहाना बनाउँदै भियतनामलाई दुई भागमा विभाजित गरे । दक्षिणी भाग ब्रिटिश सैन्यको नियन्त्रणमा पऱ्यो भने उत्तरी भियतनामचाहिँ चीनका च्याङकाई सेकको सैन्य नियन्त्रणमा फस्यो । सेप्टेम्बर २३ मा ब्रिटिश सेनाले सैगुनलाई घेराबन्दी गरे । यो उसको नयाँ चालमात्र थियो । सर्वप्रथम, जापानीहरूलाई एकातिर पठाइयो र ब्रिटिश र भारतीय सैनिकहरूलाई जापानीहरूलाई निःशस्त्र तुल्याउने बहाना गरेर परिचालित गरियो । यसै परिप्रेक्ष्यमा फ्रान्सेली सेनाहरूले चाँहि ब्रिटिशबाट हतियार लिएर भियतनामीहरूमाथि प्रहार गरे र ब्रिटिश र भारतीय सैन्य समूहको पछाडि लुक्न थाले । अत्याचार जथाभावी रूपमा बढ्न थालेपछि भियतनामीहरू अब कडा प्रतिकारमा उत्रन थाले । उत्तर भियतनामी देशभक्तहरू दक्षिणाको राष्ट्रिय सङ्घर्षमा संलग्न हुन त्यतातिर गए । त्यहाँ धेरै रक्तपात भयो । उत्तरमा पनि हो चि मिन्हले च्याङ काई सेकका सैन्यलाई त्यहाँबाट हटाउन निकै समस्या ब्यहोर्नुपऱ्यो । ६ जनवरी, १९४६ मा चुनाव भयो, त्यसमा हो चि मिन्हले विजय पाए । आफ्नो देशलाई दीर्घकालीन युद्धबाट बचाउन, पुनर्निमाण गर्नको लागि र सबल अर्थतन्त्र बनाउन पनि ६ मार्च, १९५४ मा हो चि मिन्हले फ्रान्ससँग सन्धि गरे । उनको यस्तो कार्यले चौतर्फी उनको आलोचना भएको भए पनि उनले आफूलाई आलोचनाबाट बचाए ।

त्यसै वर्षको ३१ मेमा उनी फ्रान्सको भ्रमणमा गए तर उनको उक्त भ्रमणबाट कुनै पनि महत्त्वपूर्ण उपलब्धि हासिल भएन । बरु उनको फ्रान्स भ्रमणको केही समयपछि नै फ्रान्सले सन्धि तोड्दै हनोइ र अन्य सहरहरूमाथि हमला गऱ्यो । फ्रान्सद्वारा गरिएको बम वर्षाको कारणले हाइ फोङ्गका ६००० भन्दा बढी मानिसहरूको ज्यान गयो र कैयौँ मानिसहरूका घर भत्किए अनि कैयौँ गम्भीर घाइते भए । सुरुसुरुका केही हमलाहरूमा फ्रान्सले विजय प्राप्त गरेको भए पनि देशभक्त र बहादुर भियतनामीहरू आफ्नो ज्यानको पर्वाह नगरी युद्धमा सामेल भए । ती देशभक्त भियतनामी जसले फ्रान्सप्रति पहिले आफ्नो सकारात्मक दृष्टिकोण राखेको भए पनि फ्रान्सको धोकेबाज र अत्याचारी व्यवहारको कारण पुनः युद्धमा सामेल हुनुपरेपछि देखाएको वीरताले असङ्ख्य फ्रान्सेली सैनिकहरूलाई मृत्युको मुखमा पुऱ्याए । फ्रान्स र भियतनामबिचको उक्त सङ्घर्ष ७ मे, १९५४ सम्म चलिरह्यो । यसैबिच ५५ दिनसम्म डियन बियन फुमा भएको घमासान युद्धपछि फ्रान्सेली सैनिकहरू भियतनामी क्रान्तिकारीहरूको घेराबन्दीमा परे । यस्तो सङ्कटको बेलामा फ्रान्सले अमेरिकासँग सहयोगको याचना गऱ्यो तर अमेरिकाले फ्रान्सलाई सहयोग गर्न अस्वीकार गऱ्यो । फ्रान्सेली सैन्यहरू नराम्ररी पराजित भए । भियतनाम, लाओस र कम्बोडियाको समस्या समाधान गर्न जेनेभा सम्मेलन गरियो । यसले इन्डो-चाइना क्षेत्रमा शान्ति हुनुपर्ने निर्णय गऱ्यो र २० जुलाई, १९५० मा यही सम्मेलनले उत्तर र दक्षिण भियतनाम छुट्याउने सिमानालाई १७ समानान्तर भनेर घोषणा गऱ्यो । सोभियत युनियन, ब्रिटेन र कम्युनिस्ट चीनले यस विषयमा सहमति जनाए तर अमेरिकाले त्यहाँ हस्ताक्षर गर्न अस्वीकार गऱ्यो । उत्तर भियतनामले सोभियत युनियन र कम्युनिस्ट चीनको समर्थन पाएको थियो । ब्रिटेन र संयुक्त राज्य अमेरिकाले भने दक्षिणी भियतनामको समर्थन गरे । संयुक्त राज्य अमेरिकाले दक्षिण भियतनाममा नगो डिन्ह डिएमको नेतृत्वमा आफ्नो कठपुतली सरकार गठन गऱ्यो । दुई सय अमेरिकी सेना रहेको स्पेसल टास्क फोर्सको गठन अमेरिकाले गऱ्यो । बिस्तारै अमेरिकी सैन्यले अब फ्रान्सेली सेनालाई प्रतिस्थापित गर्न थालेका थिए । यस प्रकारका प्रतिस्थापनले दक्षिणी भियतनाम फ्रान्सबाट अमेरिकी उपनिवेश बन्न पुग्यो । तर, जेनेभा सम्मेलनमा एक आम निर्वाचनपछि दुवै भियतनाम एक हुन सक्छन् भन्ने सहमति गरेर उल्लेख गरिएको थियो । तर, अमेरिकाद्वारा स्थापित दक्षिण भियतनामी कठपुतली सरकारले आफ्नो देश स्वतन्त्र र सार्वभौम भएको घोषणा गऱ्यो । दक्षिण भियतनाम दक्षिणपूर्वी एसिया सन्धि सङ्गठन (South East Asia Treaty Organization) को सदस्य बन्यो । यो अमेरिकाद्वारा कम्युनिस्टहरूको प्रभाव कम गर्न बनाइएको सङ्गठन थियो । जेनेभा सहमतिबमोजिम २० जुलाई, १९५६ मा निर्वाचन गरियो तर त्यो अमेरिकाको सक्रियतामा दक्षिणी भियतनाममा सम्पन्न भयो । त्यसले १२३ जनाको एसेम्बली निर्माण गऱ्यो । दक्षिण भियतनाममा अमेरिकाद्वारा निर्मित कठपुतली सरकारले कुनै महत्त्वपूर्ण काम गर्न सकेन । उसले न त भूमिसुधार कार्यक्रम ल्यायो न त प्रशासकीय सुधार नै गऱ्यो ।

उक्त सरकार भ्रष्टाचार र जनताप्रतिको चरम शोषणको कारण अत्यन्त अलोकप्रिय बन्यो । यस्तो अलोकप्रिय सरकारका विरुद्ध दक्षिणमा भियत-कङ नामक कम्युनिस्ट सङ्गठनले सङ्गठित रूपमा विद्रोह सुरु गऱ्यो । सुरुका चरणहरूमा भियत-कङले उत्तरबाट आर्थिक र सैन्य सामग्री सहायताहरू मात्र पायो । पछि गएर उत्तर भियतनामका सैनिकहरू स्वयं दक्षिणको कम्युनिस्ट सङ्गठनको सहयोगको लागि गए । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जोन एफ केनेडीले भियत-कङ उत्तरी भियतनामका योद्धाविरुद्ध लड्न ४,००० सङ्ख्यामा सैनिकहरू पठाए । सन् १९६५ देखि अमेरिकी वायु सेनाले विभिन्न बहानामा उत्तर भियतनाममाथि श्रृङ्खलाबद्ध बम वर्षा गर्न थाल्यो । यसैगरी १९६६ सम्ममा दुई लाखभन्दा बढी अमेरिकी सैनिकहरू दक्षिण भियतनाममा उतारेर आफ्नो कारबाही सुरु गऱ्यो । तर, सरल भियतनामी जनताविरुद्ध अत्याचारी र दयाहीन क्रूर व्यवहार गरिरहेको अमेरिका उसको उत्तर भियतनामी नीतिद्वारा संसारमा एक्लियो । फ्रान्स पनि अमेरिकाको यस्तो नीतिबाट निराश भएर त्यो अभियानबाट टाढा भयो । यसभन्दा पहिले १९६४ मा अमेरिकाले दक्षिणी भियतनामलाई सहयोग गर्ने र भियत-कङ् सङ्गठनलाई समाप्त पार्ने भनेर आफ्नो अभियान सुरु गरेको थियो । १९६४ मा राष्ट्रपति रिचार्ड निक्सनले आफ्नो बलबुत्ता र शक्तिले भ्याएसम्म उत्तर भियतनाममाथि वायु यानद्वारा बम वर्षा गरिरहने नीतिद्वारा उनी संसारको शक्तिशाली राष्ट्रसामु उत्तर भियतनामलाई घुँडा टेकाउन चाहन्थे तर साहसी उत्तर भियतनामीहरूले आकाशबाट खस्ने बमको पर्वाह नगरी छापामार युद्ध नीति अपनाएर न्यून हतियारका बाबजुद आफ्नो वीरता प्रदर्शन गर्दै अमेरिकालाई आफूमाथि विजय प्राप्त गर्न दिएनन् । आकाशबाट निर्दोष भियतनामीमाथि बम वर्षा गरे पनि अमेरिकी सेनाले साहसी भियतनामीलाई भूमियुद्धमा पराजित गर्न सकेनन् । बरु, यो युद्धमा अमेरिकाको अत्यधिक धनराशी मात्र खर्च भएन बरु हजारौँ सैनिक पनि गुमाउनुपऱ्यो । यसरी भयानक क्षति व्यहोर्नु परेपछि अमेरिकी निक्सन प्रशासन आफ्नै देशमा आलोचित हुन पुग्यो । अन्ततः १८७२ मा अमेरिकी राष्ट्रपति रिचार्ड निक्सन आफ्ना सैनिक आफ्नो देशमा फिर्ता बोलाउन बाध्य भए ।

यो वास्तवमा संसारको सबैभन्दा शक्तिशाली राष्ट्रको लागि लाज, शरम र आत्मग्लानीको क्षण थियो भने भियतनामीहरूका लागि आफ्नो बहादुरीता, साहस र वीरताको परिचयको क्षण थियो । यसपछि अमेरिकीहरूले अर्कै रणनीति लिए । उनीहरूले सम्पूर्ण भियतनामी युद्धलाई तिनीहरूको आफ्नै मामलाको रूपमा परिवर्तन गर्न चाहे । अमेरिकाले जनरल थिउको नेतृत्वमा अर्को कठपुतली सरकार निर्माण गऱ्यो र उत्तर भियतनाम र भियत-कङविरुद्ध प्रतिरक्षात्मक नीति लियो । तर, अझै युद्ध लडिरहेका भियतनामी क्रान्तिकारीहरूले सैगुन सहरलाई १९७५ मा घेराबन्दी गरे । जनरल थिउ राष्ट्र छोडेर भागे । सैगुन उत्तर भियतनामी कम्युनिस्टहरूको नियन्त्रणमा पऱ्यो । उनीहरूले उक्त सहरको नाम फेरेर ३ सेप्टेम्बर, १९७३ मा देहावसान भएका आफ्ना प्रिय नेता हो चि मिन्हको नाम दिए । यसपछि सेप्टेम्बर १९७५ मा उत्तर र दक्षिण भियतनामको एकीकरण गरियो । यसरी क्रान्तिमा महत्त्वपूर्ण भूमिका खेलेका भियतनामी किसानहरूले स्वतन्त्रताको महायुद्धमा आफ्नो विजयको नाम लेखाए । तिनीहरूले साहस र दृढ इच्छाशक्तिको बलमा फ्रान्सेली, जापानी, अमेरिकी र ब्रिटिश साम्राज्यवादीहरूलाई धुलो चटाए । आज भियतनाम एक स्वतन्त्र र सार्वभौम विकासोन्मुख राष्ट्र बनेको छ । हो चि मिन्हको मृत्युको बाबजुद ३० अप्रिल १९५७ मा भियतनाम पूर्णरूपमा स्वाधीन भयो र त्यही दिन एउटा सानो राष्ट्र भियतनामसामु अमेरिकाले घुँडा टेक्यो । भियतनाम युद्ध दोस्रो विश्वयुद्धपछिको ठुलो र भयङ्कर युद्ध थियो । दोस्रो विश्वयुद्धमा २७ लाख टन बम वर्षा भएको थियो तर भियतनाममा ६७ लाख टन बम वर्षा भएको थियो । अणु बमबाहेक अमेरिकाले सम्पूर्ण खालका जैविक, रासायनिकजस्ता घातक हातहतियार भियतनाममा प्रयोग गऱ्यो । उनीहरूले अस्पताल, स्कूल केही भनेनन् । भियतनामीहरू कैयौँ दिन नुन नपाएर खरको खरानी खाएर बाँचे । आङ ढाक्न नपाई रुखको बोक्राले ढाके तर भियतनामीहरू कहिल्यै झुकेनन् । हो चि मिन्ह, जसलाई सबैले प्रेमपूर्वक हो काका भन्छन् । उनी सारा भियतनाम र हिन्द-चिनी जनताका प्रिय नेता थिए । भियतनाम स्वाधीन भएको घोषणासभा हुँदा उनीसँग एकजोरसम्म पनि राम्रो लुगा थिएन । उनी आफ्नो पुरानो ठाउँठाउँमा टालेको खाकी रङ्गको जीनको पेन्ट र कमिज लगाएर समारोहस्थल पुगेका थिए ।

रबरले बनेको चप्पल लगाएर भियतनाम स्वाधीन भएको घोषणापत्र पढेका थिए । उनको यो पहिरन पछिसम्म यस्तै रह्यो । राष्ट्रपति भएर पनि उनी राष्ट्रपति भवनमा कहिल्यै बसेनन्, त्यसलाई कार्यपालिका बनाई आफू अगाडिको झोपडीजस्तो सानो घरमा बस्न थाले । त्यस्तो पदमा बसेर पनि आफ्नो जीवनस्तरलाई जनताको जीवनस्तरभन्दा माथि उकास्ने काम कहिल्यै गरेनन् । उनी आफैँले दिनभरि कार्यक्रम लेख्थे, सरकारी कार्यालय, अस्पताल, शिक्षणसंस्था र कलकारखानामा बिनासूचना पुग्थे । जहाँ गए पनि कर्मचारीहरूसँग बसी खाना खान्थे । बगैँचाको काम आफैँ गर्थे । राति खाना खाइसकेपछि अबेरसम्म पनि अध्ययनमा लाग्थे । उनीसँग लुगाको नाममा दुइटा खाकीको सुट, एउटा रुमाल र दुई जोर मोजामात्र थिए । उनले लगाउने सुट पनि ठाउँठाउँमा टालेको थियो । उनको सादा जीवनबाट अत्यन्त प्रभावित बनेकी अमेरिकी पत्रकार अन्ना लुइस स्ट्रङले सन् १९६४ मा हो चि मिन्हलाई भेटेपछि भनेकी थिइन्, "संसारमा सबैभन्दा अनौपचारिक राष्ट्रपति कोही छन् भने भियतनामका राष्ट्रपति हो चि मिन्ह नै हुन् । उनी असाधारण साधु, महात्मा भन्न सुहाउने खुबै ठट्यौलो स्वभावका छन् । उनी आपत्कालमा बुद्धिमानीपूर्वक बलियो रक्षक बन्ने, खुला हृदयको र अनौठो तर तुरुन्त जवाफ दिने मानिस हुन् ।"

**झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि.**

गोल्मढी-७, भक्तपुर, फोन:०१-६६१२६८८

**१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

मिति २०८३ भदौ १६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको १९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गरिन्छ । उक्त सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८३।०५।१७ गते, शनिबार

**समय** : बिहान ११:०० बजे

**स्थान** : आदर्श आजाद मावि/कलेज, भेलुखेल-५

'लोकेश्वर साकोसको प्रतिबद्धता-वित्तीय र सामाजिक विकासमा तिव्रता'

## लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

इताछें-२, भक्तपुर, फोन नं.: ६६१९०६८

### १९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशनसम्बन्धी सूचना

यस संस्थाको १९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशन**

**मिति :** २०८३ असोज १७ गते, शनिबार

**स्थान :** सिद्धपोखरी पार्टी प्यालेस, इनागा, भाज्या पुखु, भक्तपुर-१

**समय :** बिहान १०:३० बजे

**छलफलका विषयहरूः**

१) आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८३/८४ को प्रस्तावित कार्यक्रमहरू ।
२) आ.व. २०८२/८३ को आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८३/८४ को अनुमानित बजेट ।
३) आ.व. २०८२/८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४) आ.व. २०८२/८३ को लेखा परीक्षकको प्रतिवेदन ।
५) आ.व. २०८३/८४ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण ।
६) आ.व. २०८२/८३ को लाभांस वितरण र संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
७) साधारणसभाको निर्णयपुस्तिका प्रमाणीकरणका लागि प्रतिनिधिहरू चयन ।
८) सञ्चालक समितिको बैठक निर्णय अनुमोदन ।
९) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन ।
१०) विनियम संशोधन ।
११) विविध ।

**पुनश्चः**

- सोही दिन संस्थाको निर्वाचन निर्देशिका-२०६८ अनुसार (सञ्चालक र लेखा सुपरिवेक्षण समिति) निर्वाचनसमेत हुने सम्बन्धित सबैमा जानकारी गरिन्छ ।
- सदस्यहरूले साधारणसभामा उपस्थित हुन संस्थामा २०८३ असार मसान्तसम्मको नियमित बचत गरेको र ऋण लिएको भएमा ऋणको सावाँ ब्याज समयमा नै तिरेको हुनुपर्नेछ ।
- उपस्थिति हुने सदस्यले परिचय खुल्ने संस्थाको परिचयपत्र वा पासबुक अनिवार्य लिई आउनुपर्नेछ ।

अनुरोधक
सञ्चालक समिति

## श्री गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर-९, चोफल, फोन नं.०१-६६१९५१८, ९७६८५१९४९४

### १९ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशनबारे सूचना

उपरोक्त सम्बन्धमा निम्न मिति, समय र स्थानमा १९ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन हुने भएकोले उपस्थितिको लागि विनम्र अनुरोध गर्दछ । साथै उक्त कार्यक्रममा यस संस्थाका सदस्य एवं बाल सदस्यहरूलाई निम्नबमोजिम सम्मान गर्ने भएकोले २०८३ भदौ २५ गतेसम्ममा आ-आफ्नो प्रमाणपत्रको प्रतिलिपि कार्यालय समयमा पेस गरिदिनुहोला र साधारणसभा कार्यक्रममा स्वयम् सहभागी हुन विनम्र अनुरोध गर्दछ ।

**सम्मान कार्यक्रम**

१. असल नियमित बचतकर्ता १ र ऋणी १ ।
२. संस्थामा आबद्ध ७५ वर्षदेखि (वि.सं. २००८ भदौ) माथिका ज्येष्ठ सदस्य ।
३. SEE, +2, Bachelor र Master पास भएका सबै विद्यार्थी ।
४. राष्ट्रिय स्तरका तथा सामाजिक कार्यमा उत्कृष्ट खेलाडी तथा व्यक्ति ।

**कार्यक्रम**

**मिति :** २०८३ असोज १७ गते, शनिबार
**समय :** बिहान १०:०० बजे
**स्थान :** ब्रह्मायणी पार्टी प्यालेस (ब्रह्मायणी, भक्तपुर-९)

**छलफलका विषयहरू**

१. आ.व. २०८२।०८३ को वार्षिक प्रतिवेदन पारितबारे ।
२. आ.व. २०८२।०८३ को आर्थिक प्रतिवेदन पारितबारे ।
३. आ.व. २०८२।०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारितबारे ।
४. आ.व. २०८२।०८३ को लेखा परीक्षण प्रतिवेदन पारितबारे ।
५. आ.व. २०८३।०८४ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारणबारे ।
६. आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम अनुमानित बजेट पारितबारे ।
७. लाभांश, संरक्षित पुँजीकोष फिर्ता र उपस्थित भत्ता वितरण सम्बन्धमा ।
८. नयाँ सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको चयन सम्बन्धमा ।
९. विविध ।

**नोट**

१) आ-आफ्नो पासबुकका साथ सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ । अन्यथा सुविधा उपलब्ध गर्न संस्था बाध्य हुनेछैन ।
२) ६ महिनाभन्दा बढी नियमित बचत र ऋणको सावाँ/ब्याज भुक्तान तथा ऋण नवीकरण गर्न बाँकी हुने सदस्यहरूले २०८३ भदौ मसान्तसम्ममा बक्यौता रकम बुझाई दिनुहोला । अन्यथा सुविधा उपलब्ध गर्न संस्था बाध्य हुनेछैन ।
३) साधारणसभामा पेस गर्नुपर्ने राय सुझाव तथा लिखित प्रस्ताव भएमा २०८३ भदौ २५ गतेसम्म कार्यालय समयमा पेस गरिदिनुहोला ।
४) समेबजीको व्यवस्था गरिएको छ ।

अनुरोधक
सञ्चालक समिति

## सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



**जन्म :** २००७/०२/१५
**निधन:** २०८३/०५/०५

यस संस्थाका शेयर सदस्यता नं. ५४६ का सदस्य **कृष्णभाइ सुवाल**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवार तथा आफन्तजनहरूमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक-८, भक्तपुर

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### अन्तर्वार्तासम्बन्धी सूचना

भक्तपुर क्याफ्ट लि.को लागि आवश्यक जनशक्ति सेवा करारमा लिन २०८३/४/१८ गते लिइएको लिखित परीक्षामा सफल देहायबमोजिमका उम्मेदवारहरूलाई निम्न मिति, समय र स्थानमा हुने अन्तर्वार्तामा आवश्यक कागजातसहित उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि भ.न.पा. प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

**सफल उम्मेदवारहरूको नामावली**

| पदः व्यवस्थापक (सहायकस्तर पाँचौं) | | | |
|---|---|---|---|
| क्र.सं. | सि.नं. | नामथर | ठेगाना |
| १ | १ | निशा दुवाल | भ.न.पा. ९ |
| २ | ४ | चेतना दुवाल | भ.न.पा. २ |
| ३ | ६ | समिना कोजु | भ.न.पा. २ |
| ४ | ७ | अन्जन न्हेम्हाफुकी | भ.न.पा. ९ |
| ५ | ८ | कन्चन तुईतुई | भ.न.पा. ७ |

**अन्तर्वार्ता**

**मिति :** २०८३/०५/२३ गते, मङ्गलबार
**समय :** दिनको १:३० बजेदेखि
**स्थान :** भ.न.पा. सभाकक्ष

## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह, भक्तपुर–९, फोन नं.: ०१-६६१४६८६, ९८६०११६४४४

### २९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको २०८३/०५/१५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको २९ **औं वार्षिक साधारणसभा** तपसिलको समय र स्थानमा २०८३ असोज १७ गते, शनिबार हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति :** २०८३/०६/१७ गते, शनिबार
**समय :** बिहान ११:०० बजे
**स्थान :** ब्रह्मायणी पीठ

**सञ्चालक समिति**

## कालीकोट...

उहाँले भोटेकोसीमा आएको अकल्पनीय बाढीबाट नेपाली जनता आक्रान्त भइरहेको बेलामा साम्राज्यवादीहरू नेपाल र चीनबिचको सम्बन्ध बिगार्न उद्यत रहेकाले नेपाली देशभक्त कामदार जनता सावधान हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपा बर्दियाका संयोजक हरिलाल न्यौपानेले फेरिएको परिस्थितिमा अझ बढी सुझबुझका साथ अगाडि बढ्नुपर्ने र समाजवाद नआएसम्म विश्राम गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा धर्मराज जैसी आचार्य, थिरबहादुर वली र मानबहादुर खत्रीलगायतले राज्यस्तरको षड्यन्त्रको भर्त्सना गर्नुभयो ।

## शाङ्घाई...

प्रस्ताव प्रस्तुत गर्नुभयो । पहिलो, शाङ्घाई सहयोग सङ्गठनको शक्तिको सदुपयोग गर्दै एशिया–युरोप महाद्वीपको समृद्धि र साझा विकासलाई प्रवर्द्धन गर्दै सँगै मिलेर अवसरको सिर्जना गरी समृद्धिको साझा उपभोग गर्नेछ । दोस्रो, शाङ्घाई सहयोग सङ्गठनको बुद्धिमत्तामार्फत वैश्विक दक्षिणको विकास र समृद्धिलाई बढावा दिई शाङ्घाई भावनाको प्रचारप्रसार गर्दै साझा जीत हुने लक्ष्यलाई साकार तुल्याउनका लागि पूर्वाधार बनाउनेछ । र तेस्रो, शाङ्घाई सहयोग सङ्गठनको गतिविधिमार्फत विश्वव्यापी सञ्चालनको सुधारलाई पूर्णता दिलाउँदै विश्वव्यापी सञ्चालनमा समान रूपमा सहभागी हुँदै विस्तृत रूपमा लाभ लिनसक्ने प्रयास गर्नेछ ।

उक्त सङ्गठनको उच्चस्तरीय बैठक मङ्गलबार नै समापन भएको छ भने कार्य दलहरूको बैठक चलिरहेको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा